साप्ताहिक

# गोरखा एक्सप्रेस

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

वर्ष ४४ अंक ४१ २०८३ जेठ ५ गते मंगलबार (May 19, 2026) मूल्य रू. १०/-

नयाँवर्ष २०८३ को शुभकामना ।

## धेरैको प्रश्न– फुटेको हाँडी जोडिएला ?

नेपाली कांग्रेसभित्र नेतृत्व विवाद चुलिएको छ । एमालेभित्र ओलीलाई किनारा लगाउने अभियान नै देखिन्छ । नेकपा (माओवादी) का अध्यक्ष प्रचण्ड पुनर्ताजगीकरण भएर शक्तिशाली बन्ने योजना बुन्दैछन् । यही योजनाअनुसार उनले प्रम बालेन साहमाथि हमला तीव्र पारेका छन् । पुराना दलहरूसँग एकता गर्न अग्रसर भएका छन् । कम्तिमा कम्युनिष्ट एकता गर्ने उनको योजना छ ।




कम्युनिष्ट घटकका केही नेताहरू नै भन्छन्- फुटेको हाँडी जोडिएला र ? मिल्नु थियो भने पहिले किन तोडेको, यो त दिनभरि याँली ब्याँली जुनेली रात बिस्कुन सुकाइ भएन र ? बालेन सरकारले पुराना दल र नेताहरूको सातो लिएको साइड इफेक्ट देखिन थालेको छ ।

## देश कायापलट हुने मार्गमा लाग्यो







प्रम बालेन साह महेन्द्र पथमा अर्थात देशभक्तिमा काम गर्न अग्रसर भएको विश्लेषण हुनथालेको छ । यसैले लुट्न पल्केका र गणतन्त्र गणतन्त्र भन्नेहरूको सातो गएको र बालेनको उग्र बिरोध हुनथालेको छ । सांसद हर्क साङ्पाङ्ले त राजा ल्याउन खोजेको हो भने हामी पनि यलम्बरका सन्तान हौं भनिसके ।

प्रा. डा. शास्त्रदत्त पन्तका अनुसार प्रधानमन्त्री बालेन शाहले ५ वर्ष काम गर्न पाए देश कायापलट हुने दावी गरेका छन् । प्रम बालेनको काम गर्ने तरिका राजा महेन्द्रको जस्तो भन्दै पार्टीभन्दा माथि उठेर काम गरिरहेको पन्तको ठहर छ ।

प्रा.डा. जगमान गुरूङका अनुसार बालेनले जे गरिरहेका छन्, ठिक गरिरहेका छन् । देश बनाउन यतिले पुग्दैन, अझ निरंकूश हुनुपर्छ । देश र जनताले खोजेजस्तो प्रधानमन्त्री रोजेका छन् । देश बन्द भन्ने विश्वास छ मलाई ।

कानुनविद स्वागत नेपालले बालेनले संसदमा बोलेनन्, कहाँ छन् प्रधानमन्त्री भनेर चिच्याउनुको कुनै अर्थ नरहेको निष्कर्ष निकालेका छन् । बालेनलाई असफल बनाउन एमाले, कांग्रेस र माओवादीले अनेक चाल चलिरहेका छन् । बालेन छिटै पतन हुन्छन् भनिरहेका छन् ।

विश्लेषक हस्तबहादुर केसीले प्रधानमन्त्री बालेन शाहले नबोलेरै देश बनाउँछु भन्दा के को आपत्ति ? भन्छन् भने अहिलेसम्मका प्रधानमन्त्रीहरूले बढी बोलेरै देश बेहाल बनाएको बताए । कांग्रेसका नेता चन्द्र भण्डारीले बालेन शाहले सरकार छ भन्ने अनुभूति गराउन सफल भएको बताएका छन् भने केही जेनजीले आशा निराशामा परिणत भयो भन्दैछन् । जताततै काई लागेको छ, बालेन नचिप्लिउन् भन्ने खबरदारी पार्टीभित्र र बाहिर देखिदैछ ।

# राजतन्त्रको चर्चा चुलियो

काठमाडौं । प्रधानमन्त्री बालेन साह राष्ट्रपति बोल्दाबोल्दै संसदबाट किन बाहिरिए ? संसदमा किन एकशब्द बोलिरहेका छैनन् । संसदको अवमान्ना भयो भन्ने विपक्षी दलहरू प्रधानमन्त्रीलाई देख्नकै लागि संसदमा तीब्र बिरोध, संसद बहिष्कार गर्ने र रास्वपामाथि प्रश्नको बाढी चलाउने काम गरिरहेका छन् । प्रम बालेनले टेरपुच्छर लगाएका छैनन् । यो रास्वपाको कुन खालको नीति हो, प्रम बालेन साहको कुन रणनीति चलिरहेको छ । नेपाली राजनीतिक क्षेत्र नै अनेकप्रकारका संशयमा जेलिएको छ ।

बालेन नबोल्दा, सांसद हर्कराज राई र नेकपा (माओवादी), एमाले लगायतकाहरू निकै आत्तिएको देखिन्छ । भित्रभित्रै राजतन्त्र पुनर्स्थापना हुने हो कि भन्दै पाकिरहेका आशंकाहरू हर्कराज राई र प्रचण्डमार्फत सतहमा आउन थालेका छन् । प्रम बालेनमाथि षडयन्त्रकारी, विश्वास गर्न नसकिने आरोप लगाइरहेका छन् ।



बालेनका स्टाटस हेर्दा पुरानाहरूले भाषण र भ्रष्टाचार गरेर देश बिगारेको आक्षेप छ । कुनै पनि भ्रष्टाचारीलाई नछाड्ने बरू मर्न तैयार हुने उनले प्रतिवद्धता देखाइरहेका छन् । जनादेशप्राप्त प्रम बालेनलाई हटाउन सक्ने कुनै प्रतिपक्षमा ताकत छैन । यसैले असंसदीय भाषामा आलोचना गर्ने, संसद छल्ने, छलेर अध्यादेश ल्याउने, लोकतन्त्रका गरिमा र महिमा मण्डन गरेको भनिरहेका छन् । यसको उत्तर पार्टी सभापति र सरकारका तर्फबाट अर्थमन्त्रीले दिइरहेकै छन्, निरंकूश नरहेको र सुशासनका लागि आवश्यक निर्णय लिएर अघि बढेको सफाइ दिइरहेकै छन् । नदी किनारका सुकुम्वासीलाई सरकारले व्यवस्थापन गर्न खोज्दा देशैभरिका सुकुम्वासी र अव्यवस्थित, अतिक्रमणकारीलाई उठाएर बालेन मूर्दावाद, बालेन राजीनामा दे भनेर सडक तताउन प्रतिपक्षी अग्रसर भएका छन् । प्रधानन्यायाधीश बन्न नपाएको झोकमा अदालतका आदेशहरू सरकारको बिरूद्ध आउन थाल्नुले व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकावीच तनाव बढेको अनुभूति हुनथालेको छ । संवाद, सहमति र सहकार्यको आवश्यकता हुँदाहुँदै प्रतिपक्षीहरू सत्तारूढा रास्वपालाई गलाउन र ढलाउन लाग्नु जनादेशको अपमानतिर विषय उन्मु हुनथालेको छ ।

एकाएक सामाजिक सञ्जाल, राजनीतिक बृत्त र कूटनीतिक बृत्तमा समेत नेपालमा अभिभावकीय भूमिकामा राजतन्त्र चाहिएकै हो त ? भन्ने बहस बाक्लै विश्लेषण भइरहेको छ । संविधान संशोधन बहसपत्र विषय अघि बढेको छ । यसका संयोजक आसिम साहले संविधानमा बाँधिएको राजतन्त्रलाई पुनर्स्थापित गर्दा राष्ट्र र जनतालाई लाभ हुने विषय उठान गर्दा सरकार राजतन्त्रसहितका सबै प्रकारका मुद्दाहरूको छिनोफानो गराएर सुशासन स्थापित गर्न खोजेको देखिन्छ । जनताले किनारा लगाएका गणतन्त्रवादी यसैकारण झन बढी आत्तिएका देखिन्छन् ।



*रास्वपाले प्रम बालेनप्रति पूर्ण विश्वास जनाएको छ । प्रम बालेनसँग झगडा होला भनेर मुख नमिठ्याउन सभापति रवि लामिछानेले प्रतिपक्षीहरूलई जवाफ फर्काएका छन् । रास्वपाका रवि लामीछाने प्रधानमन्त्री बालेन शाहका पाईला देश बनाउने अभियानमा अगाडी बढ्दा विपक्षीहरूलाई छट्पटीको भएको कडा टिप्पणी गर्दै पार्टी र प्रधानमन्त्रीवीच कुनै मतभेद नरहेको खुलासा र प्रम बालेनका स्टाटसबाट पनि सभापतिप्रति उच्च सम्मान झल्किनुले सरकार बलियो देखिन्छ ।*



*वैशाख २८ गते पूर्वन्यायाधीश अच्यूतप्रसाद भण्डारी अध्यक्ष, महालेखा नियन्त्रक शोभाकान्त पौडेल र सहन्यायाधीवक्ता अच्युतमणी नेउपाने सदस्य रहेको समितिले पूर्वगृहमन्त्री सुदन गुरूङमाथि छानबिन गरिरहेको छ । गुरूङले आफू निर्दोष सावित हुने विश्वास जनाएका छन् ।*

*उनको प्रतिकृया छ- प्रम बालेन साह कडा हुनुहुन्छ, गलत गरेको हो भने कारवाही हुन्छ भन्नुभएकै हो । रास्वपा सरकारले गलत गर्ने कसैलाई छोड्दैन । विश्लेषण हुँदैछ, केही दिनमै सुदन फेरि गृहमन्त्री हुँदैछन् ।*



# नेपालको आर्थिक भविष्य पूँजी निर्माणमा निर्भर छ

– गालब बहादुर ढुंगाना –

**कर** उठाएर वा सडक निर्माण गरेर मात्र कुनै राष्ट्र समृद्ध बन्दैन । राष्ट्र तब समृद्ध बन्छ जब उसले सामान्य नागरिकहरूको बचतलाई उद्योग, पूर्वाधार, ऊर्जा र दीर्घकालीन राष्ट्रिय सम्पत्तिमा रूपान्तरण गर्न सक्ने प्रणाली निर्माण गर्छ । पूँजी बजारको वास्तविक भूमिका यही हो । नेपालमा यो जिम्मेवारी मुख्य रूपमा Securities Board of Nepal अर्थात् सेबोन (SEBON) र Nepal Stock Exchange अर्थात् नेप्से (NEPSE) माथि निर्भर छ । यी संस्थाहरू संयुक्त रूपमा नेपालको आर्थिक भविष्यका सबैभन्दा महत्वपूर्ण आधार स्तम्भमध्ये एक हुन् ।

आधुनिक पूँजी बजारको अवधारणा क्रान्तिकारी थियो, किनभने यसले सामान्य नागरिकहरूको सानो बचतलाई उद्योग, पूर्वाधार, ऊर्जा र नवप्रवर्तनका लागि आवश्यक विशाल पूँजीमा रूपान्तरण गर्ने अवसर दियो । सन् १६०२ मा डच इस्ट इन्डिया कम्पनीले विश्वकै पहिलो आधुनिक प्रारम्भिक सार्वजनिक निष्कासन (IPO) सुरू गर्यो, जसले सर्वसाधारणलाई सामूहिक स्वामित्व र नाफाको बदलामा जोखिमपूर्ण तथा महँगो अन्तर्राष्ट्रिय व्यापार यात्रामा लगानी गर्ने अवसर प्रदान गर्यो। समयसँगै पूँजी बजार निष्क्रिय बचतलाई परिचालन गर्ने, लगानीको जोखिम वितरण गर्ने र दीर्घकालीन आर्थिक विस्तारलाई वित्तीय आधार दिने आधुनिक औद्योगिक अर्थतन्त्रका प्रमुख इन्जिनमध्ये एक बन्यो। आज अमेरिकी इक्विटी बजारको मूल्य ६० ट्रिलियन अमेरिकी डलरभन्दा बढी छ भने १८७५ मा स्थापित Bombay Stock Exchange को नेतृत्वमा भारतको पूँजी बजार ५ ट्रिलियन अमेरिकी डलरभन्दा माथि पुगेको छ । नेपाल यो यात्रामा निकै ढिलो र सानो आकारमा प्रवेश गर्यो। नेपालमा सार्वजनिक सेयर सहभागिता १९३७ मा विराटनगर जुट मिलबाट सुरू भएको थियो भने आधुनिक धितोपत्र संरचनाको औपचारिक विकास १९९३ मा Securities Board of Nepal को स्थापना पछि भयो । आज नेपालको कुल बजार पूँजीकरण लगभग ४ देखि ४.५ ट्रिलियन रूपैयाँ, अर्थात् करिब ३० देखि ३३ अर्ब अमेरिकी डलरको बीचमा उतारचढाव भइरहेको छ । यसले नेपालले गरेको प्रगतिसँगै भविष्यमा पूँजी निर्माणका लागि अझै कति ठूलो सम्भावना बाँकी छ भन्ने पनि देखाउँछ ।

नेपालमा IPO केवल कम्पनी प्रवर्द्धकहरूको वित्तीय कार्यक्रम मात्र होइन । यो राष्ट्रिय विकासको अनिवार्य संयन्त्र बनिसकेको छ । धेरै उद्योगहरू एक चरणमा पुग्छन्, जहाँ महँगो बैंक ऋणले नाफा र विस्तारलाई सीमित गर्न थाल्छ । सार्वजनिक रूपमा सेयर निष्कासन गरेपछि कम्पनीहरूले ऋणको भार घटाउन, नगद प्रवाह सुधार गर्न र दीर्घकालीन विस्तार पूँजी जुटाउन सक्छन् । यसको महत्व जलविद्युत क्षेत्रमा अझ बढी देखिन्छ, जहाँ धेरै परियोजनाहरू निर्माण सम्पन्न हुनुअघि नै प्रवर्द्धक लगानी र बैंक वित्तीय स्रोत समाप्त हुने अवस्थामा पुग्छन् । नेपालका बैंकहरू मात्रले दीर्घकालीन पूर्वाधार तथा ऊर्जा परियोजनाहरूको विशाल पूँजी आवश्यकतालाई धान्न प्रायः सक्षम हुँदैनन् । त्यसैले IPO मार्फत पूँजी संकलन परियोजना सम्पन्न गर्न, घरेलु बचत परिचालन गर्न र नेपालको विशाल जलविद्युत सम्भावनालाई राष्ट्रिय उत्पादनशील सम्पत्तिमा रूपान्तरण गर्न अति महत्वपूर्ण बन्छ । ८० हजार मेगावाटभन्दा बढी अनुमानित जलविद्युत सम्भावना भएको देशका लागि पूँजी बजारको क्षमता र दक्षता प्रत्यक्ष रूपमा राष्ट्रिय विकाससँग जोडिएको छ ।

आज नेपालको पूँजी बजार बारम्बारको नेतृत्व अस्थिरता र सरकारले पूँजी निर्माणलाई गम्भीर राष्ट्रिय प्राथमिकताका रूपमा लिन असफल भएको परिणाम भोगिरहेको छ । पूर्व सेबोन अध्यक्ष रमेश कुमार हमालको नेतृत्वमा फेब्रुअरी २०२२ देखि जनवरी २०२४ सम्मको अवधिमा नेपालले IPO स्वीकृति र सार्वजनिक पूँजी परिचालनको सबैभन्दा सक्रिय चरणमध्ये एक अनुभव गर्यो । आर्थिक वर्ष २०७८/७९ (२०२१-२०२२) मा सेबोनले २८ वटा IPO स्वीकृत गर्दै करिब ७.२ अर्ब रूपैयाँ, अर्थात् करिब ५४ मिलियन अमेरिकी डलर बराबरको पूँजी परिचालन गर्यो । त्यसपछि आर्थिक वर्ष २०७९/८० (२०२२-२०२३) मा ४२ वटा IPO स्वीकृत भए जसबाट करिब २२.३८ अर्ब रूपैयाँ, अर्थात् लगभग १७० मिलियन अमेरिकी डलर बराबरको पूँजी जुटाइयो । तर उनको बहिर्गमनपछि अध्यक्ष पद करिब ११ महिना रिक्त रह्यो, जसले नियामकीय अनिश्चितता सिर्जना गर्यो र स्वीकृति तथा पूँजी परिचालनको गतिलाई उल्लेखनीय रूपमा सुस्त बनायो । आर्थिक वर्ष २०८०/८१ (२०२३-२०२४) मा केवल ९ वटा IPO स्वीकृत भए भने आर्थिक वर्ष २०८१/८२ (२०२४-२०२५) मा जम्मा १५ वटा IPO स्वीकृत भए । यसबीच सेबोनको स्वीकृति प्रक्रियामा करिब ६६ अर्ब रूपैयाँभन्दा बढी, अर्थात् झण्डै आधा अर्ब अमेरिकी डलर बराबरका प्रस्तावित सार्वजनिक निष्कासनहरू थन्किए । यो केवल प्रशासनिक ढिलाइ मात्र थिएन । यसले घरेलु पूँजी थुनिनु, जलविद्युत उत्पादन ढिलिनु, औद्योगिक विस्तार रोकिइनु, निर्माण अवधिको ब्याज लागत बढ्नु, लगानीकर्ता विश्वास कमजोर हुनु तथा समग्र आर्थिक गतिविधि सुस्त हुनुजस्ता परिणाम उत्पन्न गर्यो । लगानी र पूर्वाधार विकासको अत्यन्त आवश्यकता रहेको राष्ट्रमा पूँजी बजार नियामकलाई लामो समयसम्म स्थायी नेतृत्वविहीन बनाउनु गम्भीर संस्थागत गैरजिम्मेवारी हो, जसको राष्ट्रिय आर्थिक असर अत्यन्त गम्भीर हुनसक्छ ।

धितोपत्र बजारमार्फत हुने पूँजी निर्माण नेपालको सबैभन्दा रणनीतिक तर अझै पर्याप्त रूपमा विकास हुन नसकेको आर्थिक उपकरणमध्ये एक हो । पछिल्ला पाँच आर्थिक वर्षमा मात्र सेबोनले स्वीकृत गरेका IPO हरूमार्फत ५३ अर्ब रूपैयाँभन्दा बढी, अर्थात् करिब ४०० मिलियन अमेरिकी डलर बराबरको दीर्घकालीन सार्वजनिक लगानी पूँजी परिचालन गरिएको छ । बैंक ऋणले तत्काल पुनर्भुक्तानी र उच्च ब्याजको भार सिर्जना गर्छ भने सार्वजनिक पूँजी बजारबाट उठाइएको इक्विटी पूँजीले उद्योग र पूर्वाधार परियोजनाहरूलाई लामो निर्माण अवधि र सञ्चालन जोखिम वहन गर्ने क्षमता दिन्छ । यो विशेष रूपमा जलविद्युत र ठूला औद्योगिक परियोजनाहरूमा महत्वपूर्ण हुन्छ, जहाँ स्थिर आम्दानी आउन वर्षौं लाग्न सक्छ । आज नेपालको अर्थतन्त्र ११ अर्ब अमेरिकी डलरभन्दा बढी वार्षिक विप्रेषणमा अत्यधिक निर्भर छ, तर त्यसको ठूलो हिस्सा उत्पादनशील औद्योगिक लगानीभन्दा उपभोग, आयात, जग्गा कारोबार र घरजग्गामा खर्च भइरहेको छ । त्यसैगरी नेपालसँग अझै गहिरो कर्पोरेट बण्ड बजार, पेन्सन-आधारित लगानी प्रणाली वा परिपक्व भेन्चर क्यापिटल संरचना छैन, जसले ठूलो आर्थिक रूपान्तरणलाई वित्तीय आधार दिन सकोस् । यही कारणले धितोपत्र बजार घरेलु बचतलाई उत्पादनशील राष्ट्रिय सम्पत्तिमा रूपान्तरण गर्ने थोरै व्यवहारिक संयन्त्रमध्ये एक बनेको छ । कमजोर, अस्थिर पूँजी बजारले केवल वित्तीय गतिविधिमात्र सुस्त बनाउँदैन, यसले नेपाललाई विप्रेषण-निर्भर अर्थतन्त्रबाट उत्पादनशील औद्योगिक अर्थतन्त्रमा रूपान्तरण प्रक्रियालाई नै ढिलो बनाउँछ ।

त्यसैले नीति निर्माताहरूको जिम्मेवारी अत्यन्त गम्भीर र सामान्य प्रशासनिक नियुक्तिभन्दा धेरै माथिको विषय हो । राजनीतिक सौदाबाजी, भ्रष्टाचार, प्रशासनिक निष्क्रियता वा सार्वजनिक जिम्मेवारीलाई हल्का रूपमा लिने संस्थागत संस्कृतिका कारण नियामक संस्थाहरू पक्षघातको अवस्थामा पुग्न दिनु हुँदैन । जब महत्वपूर्ण आर्थिक जिम्मेवारी पाएका पेशेवर व्यक्तिहरूले दक्षता र तत्परताका साथ काम गर्दैनन्, त्यसको मूल्य सम्पूर्ण राष्ट्रले ढिलो पूर्वाधार विकास, कमजोर लगानीकर्ता विश्वास, उच्च वित्तीय लागत र सुस्त आर्थिक वृद्धिमार्फत तिर्नुपर्छ । पूँजी निर्माणसँग सम्बन्धित संस्थाहरूमा भ्रष्टाचार, दीर्घकालीन निर्णयहीनता, राजनीतिक हस्तक्षेप वा संस्थागत लापरवाहीप्रति शून्य सहनशीलता हुनुपर्छ । लगानी र औद्योगिक विस्तारको अत्यन्त आवश्यकता रहेको देशमा हाल रिक्त रहेको सेबोन अध्यक्ष पदको नियुक्तिलाई सरकारले सर्वोच्च आर्थिक प्राथमिकतामध्ये एकका रूपमा लिनुपर्छ । यो पद राजनीतिक भागबण्डा वा प्रशासनिक सम्झौताको विषय बन्नु हुँदैन । नेपाललाई यस्तो पेशागत रूपमा सक्षम, स्वतन्त्र र निर्णायक नेतृत्व चाहिन्छ जसले पूँजी बजार प्रणालीमा विश्वास र दक्षता पुनर्स्थापित गर्न हुने प्रत्येक ढिलाइले राष्ट्रको व्यापक आर्थिक भविष्यलाई प्रत्यक्ष रूपमा कमजोर बनाउँछ भन्ने बुझ्न सकोस् ।

## दलहरू डिप्रेसनमा

*विश्लेषक पुरञ्जन आचार्यका अनुसार नेपाली कांग्रेस, एमाले, नेकपाजस्ता पार्टीहरू डिप्रेसनमा पुगेका छन् । उनले प्रम बालेन साहको मौनतालाई कमजोरी नठान्न खबरदारीसमेत गरेका छन् । हिजोका शासकहरूले धेरै भाषण गरे, काम भएन । बालेन काम गर्न आएका हुन् । कामबाटै जवाफ दिन चाहेका छन् । कम्तिमा सय दिन त पर्खनुपर्छ । त्यति पनि सबर नगरेर टिप्पणी गर्नु उचित नहुने आचार्यको तर्क रहेको छ ।*



*श्रम संस्कृति पार्टीका हर्क साम्पाङ बालेनको राजीनामा मागिरहेका छन् । राप्रपाका सांसद ज्ञानेन्द्र शाहीको सुझाव छ- राजीनामा माग्नुपर्ने कुनै कारण छैन । जनमतको कदर गर्नोस् । राप्रपाकै नेता धवल शमशेरले समेत प्रम बालेन शाहको कामले जनताहरू सन्तुष्ट रहेको टिप्पणी गरेका छन् । प्रम बालेनले जनपक्षीय कामहरू थालेका छन्, प्रतिक्षा गरौं । नतिजा जनपक्षमै आउनेछ ।*





# मौन तर जवाफदेहीता







क्याल्भिन कुलिज (Silent Cal) अमेरिकाका ३०औँ राष्ट्रपति हुन्, जो अत्यन्त शान्त, कम बोल्ने तर गहिरो निर्णय क्षमता भएका नेताको रूपमा विश्व इतिहासमा चिनिन्छन्। उनलाई "क्षभिलत ऋबर्ा" भनिन्थ्यो, किनकि उनी आवश्यकभन्दा बढी कहिल्यै बोल्दैनथे । एक प्रसिद्ध घटनामा उनले केवल "You lose" भनेर छोटो प्रतिक्रिया दिएका थिए, जुन आजसम्म उनको मौन नेतृत्वको प्रतीक बनेको छ।उनको व्यक्तित्व सरल देखिए पनि भित्र अनुशासन, आत्मनियन्त्रण र स्पष्ट सोच थियो। उनी अनावश्यक भाषणभन्दा काममा विश्वास राख्थे र "कम सरकार, बढी स्थिरता" भन्ने नीतिका पक्षधर थिए । Vermont राज्यको किसान परिवारमा जन्मिएका कुलिजले कानून अध्ययन गरेर वकिलको रूपमा करियर सुरू गरे र पछि स्थानीय राजनीति हुँदै Northampton, Massachusetts का मेयर बने । त्यही अनुभवले उनलाई राज्य र राष्ट्रिय नेतृत्वसम्म पुऱ्यायो। सन् १९२३ देखि १९२९ सम्म राष्ट्रपति रहेका उनले अमेरिका आर्थिक रूपमा स्थिर बनाउने नीति अपनाए । उनको नेतृत्व शैलीको मुख्य विशेषता भनेको कम बोल्ने तर ठोस निर्णय गर्ने क्षमता हो, जसले उनलाई इतिहासमा फरक पहिचान दिएको छ ।

ठ्याक्कै यस्तै शैली अहिले नेपालका ४३ औं प्रधानमन्त्री बालेन शाहमा पनि देखिन्छ। काठमाडौंको मेयर हुँदै राष्ट्रिय राजनीतिमा आएका शाहले २०२६ को निर्वाचनमा भारी बहुमतका साथ प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेका छन् । उनको मुख्य विशेषता भनेको परम्परागत राजनीतिक भाषणबाजीमा अल्झिनुको साटो परिणाममुखी काममा लाग्नु हो । सार्वजनिक भाषणभन्दा बढी उनी आफ्नो निर्णय र कामको प्रभावबाट चर्चामा आउँछन् ।

बालेन शाह परम्परागत राजनीतिक शैलीभन्दा फरक छन्। उनी स्पष्ट निर्णय लिने, विवादमा कम बोल्ने तर आफ्नो दृष्टिकोणमा दृढ रहने स्वभावका कारण युवापुस्तामा लोकप्रिय छन् । काठमाडौंको शहरी व्यवस्थापन, अनुशासन र सुधारका काममा उनको सक्रियताले उनलाई "नयाँ शैलीको नेतृत्व" भनेर चिनाएको छ ।

अमेरिकाका ३०औँ राष्ट्रपति क्याल्भिन कुलिज, जसलाई संसारले Silent Cal को उपनाम दियो, र नेपालका वर्तमान प्रधानमन्त्री बालेन्द्र शाह बीचको समानताले राजनीतिमा शब्दभन्दा कर्मको ओजन बढी हुन्छ भन्ने सत्यलाई पुनः पुष्टि गरेको छ । कुलिज यस्ता नेता थिए जसले "मैले नबोलेका कुराले मलाई कहिल्यै समस्यामा पारेनन्' भन्ने मान्यता राख्थे । उनको यो मितभाषी स्वभाव कुनै कमजोरी नभएर एक उच्च स्तरको अनुशासन र स्पष्ट सोचको उपज थियो ।

भर्मोन्टको एउटा सामान्य किसान परिवारमा जन्मेर कानूनको अध्ययन गरेका कुलिजले आफ्नो कार्यकालमा अनावश्यक सरकारी हस्तक्षेपलाई कम गर्दै आर्थिक स्थिरता ल्याउन जुन मौन दृढता देखाए, त्यसले उनलाई अमेरिकी इतिहासमा एक मौलिक पहिचान दियो । ठ्याक्कै यही शैलीको प्रतिविम्ब आज हामी नेपालको सर्वोच्च कार्यकारी पदमा आसिन प्रधानमन्त्री बालेन शाहमा पाउँछौं । काठमाडौंको मेयरका रूपमा शहरी व्यवस्थापनमा देखाएको कडा अनुशासन र प्राविधिक स्पष्टतालाई उनले देशकै नेतृत्व सम्हाल्दा पनि उत्तिकै कुशलताका साथ निरन्तरता दिएका छन् ।

बालेनको कार्यशैलीमा परम्परागत राजनीतिको जस्तो आश्वासनको खेती पाइँदैन; बरू त्यहाँ इन्जिनियरिङको जस्तो सटिकता र कानूनको अक्षरशः पालना देखिन्छ। उनले जटिल राजनीतिक परिस्थितिहरूमा पनि अनावश्यक टिप्पणी गर्नुको साटो आफ्नो ध्यान नीति र कार्यान्वयनमा केन्द्रित गर्ने गरेका छन्। कुलिजले झैँ बालेनले पनि यो प्रमाणित गरिदिएका छन् कि जब नेताको कामले बोल्न थाल्छ, तब शब्दहरूको गर्जन आवश्यक पर्दैन । यी दुई नेताबीचको तुलना केवल पद र शक्तिको मात्र होइन, बरू यो एक विशेष प्रकारको 'स्टोइक' (Stoic) नेतृत्व दर्शनको मिलनबिन्दु हो । जहाँ कुलिजले २०औँ शताब्दीको अमेरिकामा 'कम सरकार, बढी नतिजा' को जग बसाले, त्यहाँ बालेन शाहले २१औँ शताब्दीको नेपालमा 'कम गफ, बढी डेलिभरी' को मानक स्थापित गरेका छन् ।

दुवैको पृष्ठभूमि प्राविधिक र कानूनी क्षेत्रबाट आएकाले उनीहरूको निर्णय प्रक्रिया भावनात्मक आवेगभन्दा बढी तथ्याङ्क र तर्कमा आधारित देखिन्छ । अन्ततः, क्याल्भिन कुलिजको ऐतिहासिक विरासत र बालेन शाहको समकालीन प्रभावले एउटै सन्देश दिन्छ– सच्चा नेतृत्वले भीडलाई रिझाउन शब्दको जाल बुन्दैन, बरू शान्त रहेर इतिहास बदल्ने परिणामहरू निर्माण गर्छ । (स्रोत : संजोग आचार्य, ईनेपालिज)

# एमालेमा देखिएको गतिरोध र नेतृत्व परिवर्तनको प्रश्न

***फागुन २१ को निर्वाचनबाट देशको शासन सत्तामा आएको बर्तमान सरकारले दलीय राजनीतिमाथि प्रहार शुरू गरिसकेको छ । गत भदौको घटनालगत्तै कतिपय नेताहरूले त नेपालमा दलीय गतिबिधिमा प्रतिबन्ध लाग्न सक्नेसम्मको खुलाशा गरेका थिए । नेपाली कांग्रेस र एमालेले बहुदलीय संसदीय ब्यवस्थाका मूल्य, मान्यता र आदर्शअनुसार आफूहरूलाई परिचालन गर्न/गराउन सकेको भए नेपालीले आजको दिन देख्नुपर्ने थिएन कि ?***



डा. केशव देवकोटा

एमालेमा देखिएको राजनीतिक एबं संगठनात्मक गतिरोध र नेतृत्व परिवर्तनको प्रश्नलाई लिएर बहसहरू चलिरहेका छन् । यस्तो अवस्थामा हिजो सोमबार सो पार्टीको सचिवालयको बैठक पनि बसेको थियो । यो आलेख तयारगर्दा बैठकका निर्णयहरू सार्बजनिक भैनसकेपनि त्यसका तयारीलाई हेर्दा एमालेले अब नयाँ बाटो तयगर्न खोजेको सहजै बुझ्न सकिन्थ्यो । एमालेको बिवादलाई बुझ्न सबैभन्दा पहिले गत भदौ २३ र २४ को घटनाभन्दा अगाडि जानुपर्छ । किनकी त्यतिबेला सोही पार्टीकी पूर्ब उपाध्यक्ष तथा पूर्ब राष्ट्रपति बिद्यादेवी भण्डारीले एमालेको नेतृत्व र देशको कार्यकारी प्रमुखको जिम्मेवारी लिने इच्छा ब्यक्त गरेको देखिएको थियो । जसका पछाडि केही बिदेशी शक्तिहरू खेलिरहेको पनि धेरैले अनुभव गरेका थिए । तर त्यतिबेला एमालेका अध्यक्ष ओलीले आफ्नो पार्टीको महाधिवेशन गराएर आफूलाई थप शक्तिशाली बनाउने प्रबन्ध गर्नुभएको थियो । त्यसैगरी नेपाली कांग्रेस र एमालेको गठबन्धनका कारण सरकारमा पनि ओली शक्तिशाली रहनुभएको देखिन्थ्यो । त्यस्तो अवस्थामा भदौ २३ र २४ गते जुन घटना भयो, त्यो केवल सरकारको नेतृत्व परिवर्तन गराउनका लागि थियो भन्ने कुरा पछिल्ला घटनाक्रमहरूले स्पष्ट गरेका छन् । त्यतिबेला ओलीलाई प्रधानमन्त्रि पदबाट राजीनामागर्न बाध्यमात्र नबनाएर संसदको बैठक चलिरहेकै बेला संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्त गरी मनोनित प्रधानमन्त्रिको सिफारिसमा निर्वाचित संसद बिघटन गरेर नयाँ निर्वाचनको घोषणा गरिएको थियो । सो घटना र परिवर्तनको नेपाली कांग्रेस र एमाले लगायतका दलहरूले प्रतिवादगर्न सकेनन् । बरू नेपाली कांग्रेसका गगन थापा र बिश्वप्रकाश शर्माहरूले जबरजस्त महाधिवेशन गरेर पार्टीलाई बिभाजनमा पुऱ्याएको देखियो । पुष्पकमल दाहालहरूले माओवादी पार्टी र माओवादनै परित्याग गरेको देखिएको थियो । डा. बाबुराम भट्टराईहरूले पनि पार्टीको नेतृत्व परिवर्तन गरेको देखियो । राप्रपा लगायतका अन्य दलमा पनि नेतृत्व परिवर्तनको आवाज उठेको थियो । एमालेले महाधिवेशन गरे पनि फेरी ओलीलाईनै स्थापित गरायो । गत फागुन २१ को निर्वाचनबाट नयाँ सरकार आएपछि ओलीलाई पक्राउ गर्नेदेखि बिभिन्न घटनाक्रमहरू भए । हाल आएर पूर्वराष्ट्रपति बिद्यादेवी भण्डारीलाई फेरी एमालेको राजनीतिमा फिर्ता गरिएको छ ।

यसअघिको पूर्ब राष्ट्रपति दलीय राजनीतिमा फर्कनु नहुने मान्यता तोडिएको छ । एमालेका अध्यक्ष ओलीसँगको बिद्याको बदलिँदो सम्बन्धले नेपाली राजनीतिमा नयाँ तरंगसमेत पैदागरेको छ । सोही तरंगका बीचमा हिजो सोमबार सचिवालयको बैठक भएको थियो । विगतमा पार्टी सदस्यतानै स्थगन गरेर एमालेसँगको सम्बन्ध चिसिएकै बेला गत आइतबार भण्डारी मदन-आश्रित स्मृति दिवसको औपचारिक कार्यक्रममा बिद्या भण्डारी प्रमुख अतिथिकारूपमा मञ्चमा देखिनुले एमालेमा राजनीतिक परिवर्तन हुनलागेको संकेत गरेको थियो । गत फागुन २१ यता ओली र भण्डारीबीच निकै बाक्लो भेटवार्ता भइरहेका समाचारहरू पनि बाहिर आउने गरेका थिए । ओलीमाथि सरकारी स्तरबाटै जुन षडयन्त्र भयो, त्यसले एमालेका नेताहरूमा आफ्नो पार्टीको मुख्य नेतृत्वको बचाउ गर्नुपर्छ भन्ने चेत खुलेको देखिएको थियो । एमालेले आफूलाई कम्युनिष्ट पार्टी भन्छ । कम्युनिष्टहरूमा सैनिककोजस्तो फलामे अनुशासन हुनुपर्छभन्ने मान्यता पनि रहेको छ । त्यसैले बाहिर त्योपनि बिभिन्न एनजीओ र आइएनजीओहरूले हल्लागर्दैमा एमाले नेतृत्व परिवर्तनगर्न तयार नहुनु स्वाभाबिक देखिएको छ । नेपाली कांग्रेसमा निर्वाचनको मुखैमा जबरजस्त बिशेष महाधिवेशन गरेर नेतृत्व परिवर्तनगर्दा हाल जुन अवस्था देखिएको छ, त्यसलाई पनि धेरैले नजिकबाट हेरेका छन् । त्यसैगरी २६ वटा कम्युनिष्ट समूह मिलेर बनेको भनिएको नेपाली कम्युनिष्ट पार्टीले २६ सिट पनि जित्न नसक्नु र हालसम्म पनि नेतृत्वको बिवाद कायमै रहनुले पनि पार्टीहरूमा संकटका बेला नेतृत्व परिवर्तनगर्नु नहुने शिक्षा दिएको देखिएको छ ।

राप्रपा लगायतका अन्य पार्टीहरूपनि आफ्नो पार्टीको नेतृत्व बचाउन संघर्ष गरिरहेकै छन् । यस्तो अवस्थामा एमालेले बाह्य चाहना र दबावकै भरमा तत्काल नेतृत्व परिवर्तन गरेको खण्डमा सो पार्टी पनि नेपाली कांग्रेसकै अवस्थामा पुग्ने देखिएको छ । एमालेको राजनीतिक बृत्तका घटनाक्रमहरूलाई हेर्दा के देखिएको छभने गत वैशाख २८ गते ओली निवास गुण्डु पुग्नुभएकी बिद्या भण्डारीले ओलीसँग साढे दुई घण्टाभन्दा लामो छलफल गर्नुभएको थियो । जहाँ उहाँले निर्वाचनको नतिजा समीक्षागर्न एमालेको सचिवालय बैठक बोलाउन ओलीलाई सुझाव दिनुभएको भनिएको थियो । त्यसअघि गत चैत एकगते भण्डारी पितृशोकमा रहनुभएका ओलीलाई समवेदना दिन गुण्डु पुग्नुभएको थियो । ओली बिरामी भएर अस्पतालमा रहेको अवस्थामासमेत उहाँले गत चैत १६ गते अस्पतालमै पुगेर स्वास्थ्य अवस्थाबारे अनौपचारिक जानकारी दिनुभएको थियोभने चैत २९ गते शिक्षण अस्पतालमा पुगेर भेट्नुभएको थियो । जसलेगर्दा भण्डारी फेरी एमालेको मञ्चमा औपचारिकरूपमा प्रबेश पाउनु भएको देखिएको छ । उहाँले एमालेको कार्यक्रममा प्रमुख वक्ताकारूपमा स्थान पाउनु आफैमा बुझ्न सकिने बिषय भएको छ । हालैका दिनमा एमालेभित्रको आन्तरिक शक्ति संघर्ष र गुटबन्दी पुरानो अवस्थामा नरहेको बताउन थालिएको छ । बिद्या भण्डारी र इश्वर पोखरेल लगायतका ओली इतरका भनिएका नेताहरूले पनि नेतृत्व परिवर्तनको आवश्यकता नरहेको कुरालाई मनन गरेको देखिएको छ ।

गत मंसिरमा सम्पन्न ११ औं महाधिवेशनमा ओलीलाई नेतृत्वमा दोहोऱ्याउन भूमिका खेलेका उपाध्यक्षहरू विष्णुप्रसाद पौडेल, पृथ्वीसुब्बा गुरूङ, गोकर्ण बिष्ट, रघुजी पन्त र महासचिव शंकर पोखरेललगायतका नेताहरू पनि हाल ओलीको विकल्प खोज्नु नहुने अडानमै रहेको पाइएको छ । गत भदौमा भएका अप्रत्याशित र आश्चर्यजनक घटनाहरूले सत्ताच्युत हुनुभएका एमालेका अध्यक्ष ओलीप्रति पार्टी पंत्ति बाहिरबाट पनि सहानुभूती बढेर गएको देखिएको छ । पछिल्लो समयमा केपी ओली र शेरबहादुर देउवाले केही विदेशी एजेण्डाहरू पारित गराउन नमानेकै कारण उहाँहरूलाई खासगरी बिदेशी शक्ति केन्द्रहरूले खेदेकोभन्ने कुराहरूको पनि रहस्योद्घाटन भएको छ । पछिल्लो समयमा ओलीलाई पदबाट बिस्थापन गराउन नेपाली कम्युनिष्ट पार्टीका नेताहरूले पार्टी एकताको बहानामासमेत प्रयास गरिरहेको देखिएको छ । ०७५ सालमा एमाले र तत्कालीन माओवादी केन्द्रका बीचमा पार्टी एकता भएर नेकपा बनेपछि ओलीलाई पार्टी र सरकारको नेतृत्व दुबैबाट हटाउन कसरी प्रयास भएको थियोभन्ने पनि धेरैले अनुभव गरेको बिषय रहेको छ । केपी ओली नेपालका हालका नाम चलेका नेताहरूमध्ये बढी राष्ट्रवादी भएकै कारण अन्तराष्ट्रवादीहरूले खेदेको भन्ने कुराहरू पनि स्पष्ट भएका छन् । त्यसैले एमालेले आफ्नो पार्टीको स्थायित्वका लागि भएपनि तत्काल नेतृत्व परिवर्तन गर्नुहुँदैन भन्ने धेरैको तर्क रहने गरेको छ । गत फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ नौसिट र समानुपातिकसहित कुल २५ सिटमा खुम्चिनुका कारणहरू पनि खुलिसकेका छन् । त्यसमा पनि संसदको निर्वाचन र पार्टीको राजनीति अलग, अलग बिषय हुन् । उक्त दुई कुरा अन्तरसम्बन्धित भएपनि हालको अवस्थामा त्यसलाई अलग गरेर हेरिनु बढी उपयुक्त हुने देखिको छ । किनकी गत भदौ २३ र २४ को घटना कसरी भयो ? त्यसको लक्ष के थियो र हाल परिणाम के आयो भन्ने धेरैलाई दिनको घाम जतिकै स्पष्ट भएको छ । अब देश फेरी चाँडै राजनीतिक परिवर्तनमा जानलागेका संकेतहरू देखिन थालेका छन् ।

अब हुने परिवर्तन दलहरूको पक्षमा नहुने पनि प्रायः स्पष्टनै छ । गत फागुन २१ को निर्वाचनबाट देशको शासन सत्तामा आएको बर्तमान सरकारले दलीय राजनीतिमाथि प्रहार शुरू गरिसकेको छ । गत भदौको घटनालगत्तै कतिपय नेताहरूले त नेपालमा दलीय गतिबिधिमा प्रतिबन्ध लाग्न सक्नेसम्मको खुलाशा गरेका थिए । नेपाली कांग्रेस र एमालेले बहुदलीय संसदीय ब्यवस्थाका मूल्य, मान्यता र आदर्शअनुसार आफूहरूलाई परिचालन गर्न/गराउन सकेको भए नेपाली जनताले आजको दिन देख्नुपर्ने थिएन कि ? भन्ने प्रश्नहरू राजनीतिक र कूटनीतिक बृत्तमा पनि उठेका छन् । हालको अवस्थामा देशका ठूला र पुराना भनिएका नेकां र एमालेजस्ता पार्टीहरू सम्हालिएर अगाडि बढ्न सकेननभने त्यसको परिणति अझ अनपेक्षित र कष्टपूर्ण हुने निश्चित छ । जुन आजको अवस्थामा बिचारणिय बिषय हो । हालको अवसथामा देशका लागि चाहिएको शान्ति, एकता र सहमतीय राजनीतिक वातावरण हो । यसतर्फ सबै क्षेत्र र पक्षले ध्यान दिनुपर्ने देखिएको छ ।






# डीआर उपाध्यायको अन्तस्करण



एउटा पुस्तकको लोकार्पणले समेत साहित्यिक वातावरण शब्द, संवेदना र सिर्जनशीलताको अनुपम संगमले झनै आलोकित बन्न सक्ने रहेछ । यस्तै दृश्य देखियो **अन्तस्करण**को सभ्य र भव्य लोकार्पण कार्यक्रममा ।

नेपाली साहित्य, संगीत तथा बहुआयामिक सिर्जनाका अथक साधक १५३ विश्व कीर्तिमानी स्रष्टा **डा. डीआर उपाध्याय**को नवीन कवितासंग्रह 'अन्तस्करण' राजधानीमा लोकार्पण गरिएको छ । लोकार्पण कार्यक्रममा इतिहासविदसमेतको उपस्थिति थियो ।

साहित्यिक पत्रकारसंघ र मिलाप मासिकको संयुक्त आयोजनामा सम्पन्न उक्त समारोह केवल पुस्तक विमोचनको औपचारिक कार्यक्रममा सीमित रहेन, बरू समकालीन नेपाली साहित्यको भावधारामाथि गम्भीर विमर्श र संवेदनशील संवादको सशक्त मञ्चका रूपमा स्थापित भएको थियो । जुन चित्ताकर्षक थियो ।

सभाहलमा उपस्थित साहित्यकार, राजनीतिज्ञ, इतिहासविद्, गीतकार, कलाकार तथा सामाजिक क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरूको बाक्लो उपस्थितिले कार्यक्रमलाई विशिष्ट गरिमा प्रदान गरेको थियो । कार्यक्रमका प्रत्येक क्षणमा साहित्यप्रतिको सम्मान, सिर्जनाप्रतिको अनुराग र समाजप्रतिको उत्तरदायित्वको अनुभूति स्पष्ट देखिन्थ्यो ।

कार्यक्रमका सभाध्यक्ष वरिष्ठ साहित्यकार राधेश्याम लेकाली तथा प्रमुख अतिथि सांसद राजिव खत्री रहनुभएको थियो । समारोहमा पूर्व सांसद तथा कवि रेखा यादव, वरिष्ठ इतिहासविद् सुरेन्द्र केसी, वरिष्ठ साहित्यकार प्रा. पुरूषोत्तम दाहाल, महाकाव्यकार खेमनाथ दाहाल, गीतकार संघका अध्यक्ष वसन्त वित्यासी थापा, गीतकार संघका पूर्व अध्यक्ष चूडामणि देवकोटा, खनाल सेवा समाजका महासचिव माधव खनाल, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रीय सदस्य तारा उप्रेती, मिलापका अध्यक्ष कृष्ण भुसाल तथा नरेश भट्टराई र अग्रलगायत मञ्चासिन व्यक्तित्वहरू र अग्रभागमा रहनुभएका अथितिहरूले उक्त कृतिको लोकार्पण गर्नुभएको थियो ।

सामूहिक रूपमा लोकार्पण गरिएको 'अन्तस्करण' लाई वक्ताहरूले समकालीन नेपाली समाजको भावनात्मक दस्तावेजको रूपमा व्याख्या गरेका थिए । उनीहरूको भनाइमा, डा. उपाध्यायले यस कृतिमार्फत समयको बेचैनी, मानवीय सम्बन्धको जटिलता, सामाजिक यथार्थ, प्रेम, संघर्ष, आशा, आत्मसंवाद तथा जीवनका सूक्ष्म अनुभूतिहरूलाई अत्यन्त कलात्मक र संवेदनशील ढंगले अभिव्यक्त गर्नुभएको छ । कविताहरू केवल भावनाका अभिव्यक्ति नभई समाज र समयसँगको गहिरो संवादका रूपमा प्रस्तुत भएको सार धारणा थियो ।

प्रमुख अतिथि सांसद राजिव खत्रीले डा. उपाध्याय नेपाली साहित्य, संगीत र सिर्जनात्मक क्षेत्रका अथक साधक भएको उल्लेख गर्दै उहाँका सिर्जनामा जीवनका बहुआयामिक अनुभूतिहरू मुखरित हुने बताउनुभयो । उहाँले भन्नुभयो, 'डा. उपाध्यायको लेखन केवल शब्दहरूको संयोजन होइन, समाजप्रतिको जिम्मेवारीबोध र मानवीय चेतनाको गहिरो अभिव्यक्ति हो ।' कार्यक्रममा उहाँले संग्रहभित्रको एक कविता वाचन गर्दा सभाहल केही समय साहित्यिक भावनाले पूर्णत: मन्त्रमुग्ध र गम्भीर बनेको थियो ।

समारोहमा अधिकांश वक्ताहरूले डा. उपाध्यायको बहुआयामिक प्रतिभाको मुक्तकण्ठले प्रशंसा गरेका थिए । १५३ विश्व कीर्तिमान कायम गरेर नेपालको सिर्जनात्मक क्षमतालाई अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउनुभएको उल्लेख गर्दै उहाँलाई नेपाली सर्जनात्मक क्षेत्रको ऊर्जाशील, अनुकरणीय र प्रेरणादायी व्यक्तित्वका रूपमा चित्रित गरियो ।

कवितासंग्रहको भावभूमिलाई थप सजीव बनाउने क्रममा कविद्वय सुमन थापा संगम र शोभा अधिकारीले संग्रहबाट एक-एक कविता वाचन गर्नुभएको थियो । कविता वाचनका क्रममा उपस्थित श्रोताहरू भावुक र गम्भीर बनेका देखिन्थे । कविताका हरफहरूमा धेरैले आफ्नै समय, समाज र व्यक्तिगत अनुभूतिहरूको प्रतिबिम्ब अनुभव गरेका थिए ।

कार्यक्रममा 'अन्तस्करण' को भूमिका लेख्नुहुने वरिष्ठ साहित्यकार प्रा. पुरूषोत्तम दाहाल, महाकाव्यकार खेमनाथ दाहाल तथा स्रष्टा डा. डीआर उपाध्यायलाई विशेष सम्मान प्रदान गरिएको थियो । साथै प्रमुख अतिथि सांसद राजिव खत्रीलाई पनि बधाई तथा सम्मान अर्पण गरिएको थियो । सम्मान समारोहले कार्यक्रममा थप गरिमा र आत्मीयता थपेको अनुभूति गरिएको थियो ।

आफ्नो मन्तव्यका क्रममा स्रष्टा डा. डीआर उपाध्यायले साहित्य आत्माको आवाज भएको उल्लेख गर्दै 'अन्तस्करण' आफ्ना अनुभूति, भोगाइ, संघर्ष र समाजप्रतिको संवेदनशील दृष्टिको अभिव्यक्ति भएको बताउनुभयो । उहाँले सिर्जनाले मानिसलाई अझ मानवीय बनाउने विश्वास व्यक्त गर्दै साहित्य समाजलाई जोड्ने सबैभन्दा सुन्दर माध्यम भएको धारणा राख्नुभयो ।

समापन मन्तव्य राख्दै सभाध्यक्ष राधेश्याम लेकालीले डा. उपाध्यायको व्यक्तित्व र कृतित्व नेपाली साहित्यका लागि महत्वपूर्ण प्रेरणाको स्रोत भएको उल्लेख गर्नुभयो । उहाँले 'अन्तस्करण' नेपाली कविताको समकालीन यात्रामा एउटा अर्थपूर्ण कृतिका रूपमा स्थापित हुने विश्वास व्यक्त गर्नुभयो । मिलाप पब्लिकेशनद्वारा प्रकाशित २९९ पृष्ठको यस कवितासंग्रहमा ७९ वटा कविता समावेश छन् ।

जीवन, समाज, समय र संवेदनाको गहिरो संवाद बोकेको 'अन्तस्करण' ले पाठकमाझ नयाँ चेतना, आत्मअनुभूतिको वातावरण सिर्जना गर्ने विश्वास सहभागीहरूले व्यक्त गरेका छन् । समारोहले नेपाली साहित्यमा केवल एउटा पुस्तक थपिएको घोषणा मात्र गरेन, बरू शब्द र संवेदनाको नयाँ युगप्रतिको आशासमेत उजागर गरेको अनुभूति उपस्थित सबैले गरेका थिए । समारोहमा विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । साहित्यिक पत्रकार संघ वाङ्मय सिर्जना र सार्वजनिकरण गर्न निकै सकृय रूपमा अगाडि बढेको छ । यस्ता कार्यक्रमले साहित्यिक सिर्जनामा थप उत्साह थपिने विश्वास छ ।

## गजल



*सुन्दर रोका दोलखाली*

*सिन्दुर लाको पोते लाको फोटो मलाई नपठाउनु ।*
*जल्ने छु म परालको गुन्टो मलाई नपठाउनु ।*
*कहिले कांही याद आउदा चुम्नु रूनु ओछ्यानमा ।*
*दराजमै रहोस मेरो फोटो मलाई नपठाउनु ।*
*चोखो माया गर्छु भन्थेउ तिमी विना मर्छु भन्थेउ ।*
*उपहारमा कात्रो छ रे छोटो मलाई नपठाउनु ।*
*फुल्न काहा सक्यो मेरो तिम्रो जसरी जिन्दगी ।*
*पानी लाउ भन्दै फेरी लोटो मलाई नपठाउनु ।*
*सक्ने छु म तिम्रो लागी आफ्नै घाटी रेटी हेर्न ।*
*तरबार पठाउदा मोटो मलाई नपठाउनु ।*

## मुक्तक लेख्ने प्रयासहरू



यो समय सबैभन्दा भ्रष्ट सावित भयो
यो समय सबैभन्दा असक्षम सावित भयो
इतिहासमै कलङ्कको कालो टिका लगायौ सरकार
यो समय सबैभन्दा नालायक सावित भयो ।

**- राधेश्याम लेकाली**



को शत्रु हुन्छ को मित्र, मलाई नसिकाउनु
कसरी दुख्छ यो मुटुभित्र,मलाई नसिकाउनु
मुखमा राम गोजीमा छुरा,देखेको छु कस्तो
हुन्छ यो दुनियाँको,चरित्र मलाई नसिकाउनु ।

**- अर्जुन अधिकारी**



म वैशाखमा ऊनजस्तो हराइजान्छु बेलाबेला
म लंकाको सुनजस्तो हराइजान्छु बेलाबेला
हरेक विहानमा उदाउने घाम बन्न खोज्दाखोज्दा
म औंसीको जूनजस्तो हराइजान्छु बेलाबेला ।

**- खगेन्द्र गिरि कोपिला**



मेरा भन्दा हुन्छन् दमदार बात तिम्रा
गुलाफ जस्तै छन कोमल हात तिम्रा
सधै भरि हेर्न मन लाग्छ अनुहार त्यो
लाली ओठ अनि मिलेका दात तिम्रा ।

**- सरस्वती तिवारी**



गरिब नाम न बासको भए
पेट सधैं बिना गाँसको भए
करोडौंको भारी बोके पनि ख्वै
शरीर बिना कवासको भए ।

**- उषा केसी**



तिमीलाई आस्वासनका लड्डु बाँड्ने यी हात
पाँच बर्ष पलेंटी कसेर खाइयो बियर र भात
जो सुकैले जति सुकै लडिबुडी गर, मरे मर
राजनीतिमा कमिसन जति खाएनि जादैन जात

**- देवी काफ्ले**



देखिँदैनन् दुखाइ बिल्कुल चोटहरूमा
नहाँसे पनि छन् मुस्कान ओठहरूमा
गज्जब छ ! दोष खुट्याउँदैनन् किन यहाँ ?
तिम्रा, मेरा, उसका सारा खोटहरूमा ।

**- लक्ष्मी मुडवरी पण्डित**



ओहो, सज्जनको बाटै अबरूद्ध छ
यहाँ फटाह नै फटाह बिरूद्ध छ
धेरै भयो हाम्रो प्यारो बुद्धभूमिमा
मरणासन्न अवस्थामा बुद्ध छ ।

**- इन्द्रकुमार श्रेष्ठ**

# जहाँ छचल्किएका भावना



*अरूणबहादुर खत्री*

नियात्रा गजबैको विषय हो । जसले अनेक विषयहरूको ज्ञान दिन्छ, जीवनलाई नजिकबाट नियाल्छ । उत्साहित बनाउँछ । नियात्राकार निर्मलकुमार आचार्यले लेखेको जहाँ छचल्किए भावना नामक नियात्रा सङ्ग्रह २०८३ वैशाखमा प्रकाशित भएको छ । यसभित्र उनीद्वारा लेखिएका भालुलाई मन पर्ने मान्छेका आँखा र गिदी, नपुग्दाको छटपटी पुग्दाको आनन्द, मनमोहक रारा, सुस्केरा सल्लाका, माया खड्ग-तेज को, के छैन अर्घाखाँचीमा लगायत विभिन्न शीर्षकका २८ वटा नियात्राहरू सजिएका छन् ।

भालुलाई मनपर्ने मान्छेका आँखा र गिदी शीर्षकको पहिलो नियात्रामा स्वामी कमलनयनाचार्यको सक्रियतामा निर्माणाधिन दिव्यधाम स्वदेशबासीका लागि मात्र होइन विदेशीका लागि समेत उति नै श्रद्धा, भक्ति र आकर्षणको केन्द्र बन्नथाल्नु निश्चय नै हर्षको विषय लागेको छ नियात्राकारलाई । सबेरै दिव्यधामलाई प्रणाम गरी वाल्मीकि आश्रमतर्फ लम्कने विचारलाई बेहीबेर थाती राख्नुपरेको छ ।




नपुग्दाको छटपटी पुग्दाको आनन्द शीर्षकको नियात्रामा बराहक्षेत्रबाट चतरासम्मको चार किलोमिटरको हदै सास्ती दिने बाटो पछि चतराबाट धरानसम्म चार किलोमिटरकै बाटो केही राहत दिने खालको थियो । त्यहीबाट बस जाने भए पनि छिटो र सजिलै पुगिने भएकाले ट्याम्पैको शरण परी धरान गइयो भनेर मनमोहक तरिकाले नियात्राकार आचार्यले लेखेका छन् ।

बेजोडको बेइजिङ कुइनेटोमा छैन कुन्मिङ शीर्षकको नियात्रामा नेपालमा झैँ युनानमा पनि विभिन्न जाति बसोबास गर्दारहेछन् । जातीय वैविध्यका हिसाबले हेर्दा युनान चीनको अद्बिती प्रान्त रहेछ । हान जातिबाहेक युनानमा हानी, बाई, दाई, लिमु लाहु वा नाक्सो, जिप्पो, ब्लान्ग, पुमी, अचाङ, नु, जिनुओ, डेयाग, डेरूग आदि रहेछन् भनेर लेखिएको छ । धार्मिक हिसाबमा बौद्ध, ताओवादी, इस्लाम, ईशाई क्याथोलिक्स रहेछन् । गजबै छ, अनेक जाति, धर्म, एकताको बेजोड सहयात्रा ।

सुस्केरा सल्लाका, माया खड्ग-तेज को शीर्षकको नियात्रामा पूर्व पश्चिम राजमार्गमा रहेको गैंडाकोटबाट ढोढेनी, बुलिङटार, अकलादेवी, डेडगाउँ, स्याउलीबजार, रामपुर, हुँगी हुँदै सिद्धार्थराजमार्ग पक्डिएर रातोडाँडा, बेरौटा भई कुदेको गाडी अन्तत: झन्डै साढे चार बजे गन्तव्यस्थान तानसेन पुगेको बारेमा लेखिएको छ । करिब ३८ वर्षपछि २०८१ वैशाखको अन्तम साता पाल्पाली भूमिमा पुन: टेक्न पाउँदा बेग्लै फुर्ती रह्यो । उतिबेला शिक्षक थियो यो बबुरो । हेटौडाबाट शैक्षिक भ्रमणका लागि सिद्धार्थ मा.वि.का विद्यार्थी ल्याइएको थियो भनेर आचार्यले लेखेका छन् । कति कति शिक्षाका विषयबस्तु पनि ।

के छैन अर्घाखाँचीमा शीर्षकको नियात्रामा इतिहास, कला, संस्कृति र पुरातत्वमा बेजोड रहेछ अर्घाखाँची । प्राकृतिक छटा भौगोलिक बिचित्रता र जैविक विविधताले गर्दा झन् सुनमा सुगन्धै थपियो भनेर लेखिएको छ । ककनीमा वसन्ती शीर्षकको नियात्रामा बल्लतल्ल आएका हामीलाई किन निराश बनाउनु भन्ठानेर पो हो कि हुस्सुले बढी दयाभाव देखाए जस्तो लागेको छ नियात्राकारलाई । पिण्ड खाने बेला भएका हाम्रा नेताले कुर्सी नछाडे झैँ हुस्सुले पनि त्यही सुर कसेको भए हाम्रो के लाग्थ्यो भनेर लेखिएको छ ।

यस नियात्रासङ्ग्रहभित्र नेपालका वाल्मीकि क्षेत्र पाथीभरा, रारा, पाल्पा, अर्घाखाँची, ककनी, गोसाइँकुण्ड, दूधकुण्ड, कालिञ्चोक, भीमेश्वर, शैलुङ, सिद्धबाबा, बागेश्वरी, भुटनदेवी, चुरियामाई, जुरेथुम, सान्नानीटार, चनौटेखोल्सा, गलेश्वर, बाग्लुङ कालिका, पञ्चकोट, शालिग्राम सङ्ग्रहालय आदिका बारेमा समेटिएका छन् । नियात्रा सङ्ग्रहका रूपमा उनको यो पहिलो कृति हो । उर्नी पुगेका तमाम स्थानका ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, भौगोलिक, प्राकृतिक मूर्त तथा अमूर्त प्रभावकारितालाई तयार पारेर यो सङ्ग्रह निकाल्न सफल भएका छन् । पुस्तक पढ्नेका लागि समेत यो ज्ञानको भण्डार नै हो ।

आमी तोमाके भालोबासी शीर्षकको नियात्रामा कोलकाताबाट जगन्नाथपुरीतिर रेल हुइँकिदा म नजिकै एउटी छात्रा बसेकी छिन् तानिया सरकार । आमाबाबु भाइसहित पुरी घुम्न हिँडेकी हुन् । सिटको तारतम्य नमिल्नाले मसँगै परिन् । उनीसित बाङ्लामा खुब बात मारियो । जान्नेसुन्नेसित त धक फुकाउन पनि गाह्रो हुन्छ नि भनेर लेखिएको छ ।

अयप्पाको साधना र साद्याको स्वाद शीर्षकको नियात्राभित्र गोरखपुरबाट लगातार ५५ घन्टा सफरपछि गन्तव्यमा पुगिने रेललाई बिलम्ब भई ६५ घन्टा लाग्यो । रेल आफ्नो क्षमता अनुसार गुड्न नपाउँदाको परिणति हो यो । बिहान साढे ६ बजे हिँड्नुपर्ने रेल साढे १० बजे चल्यो । आन्ध्रप्रदेशको विजयवाडा भन्ने ठाउँमा रेल दुर्घटना भएकाले त्यसको असर ओहोरदोहोर गर्ने सबै रेललाई परेको रहेछ भन्ने बारेमा लेखिएको छ ।

चोरी नहुने ठाउँ शीर्षकभित्र झट्ट सुन्दा पत्यार लागेन । अहिलेको जमानामा पनि चोरी नहुने ठाउँ हुनसक्छ भन्ने कुरो कसले पत्याउला । भन्नेले ठोकुवा गरी भनिरहेका छन्, के रहेछ त सत्यता ? कौतूहल बढ्ने नै भयो । हुन त झुठो कुरो पनि सय पटक भनियो भने साँच्चै प्रतीत हुन्छ रे । कतै यो पनि त्यस्तै अनेकपटक भनिएकाले सत्य साबित भएको हो कि पटक्कै झुटो नमिसिएको अब्बल २४ क्यारेटको साँचो कुरो हो ? नियात्राकारले लेखेका छन् । घोडामा जाने हजुर ? शीर्षकभित्र केदारनाथको यात्रामा घोडा, खच्चरले दु:ख दिदा रहेछन् । होश पुऱ्याउन नसके यिनको हनाइले तलै खुरमुरिइने रहेछ । हुन पनि यो बाटोमा यस्ता अनेक घटना भइसकेका रहेछन् । कतै तेर्सो, कतै ठाडो उकालो लाग्दै हामी बढिरह्यौ । कतै सुस्ताएको देख्नासाथ घोडा, पालको वा डोको चाहिने हो कि सोध्न आउने धेरै हुँदा रहेछन् भनेर लेखिएको छ । धार्मिक यात्राको वर्णन पनि गजबैले लेखिएको छ ।

Recently, the Rastriya Swatantra Party, led by Ravi Lamichhane, achieved remarkable success despite controversies and legal cases. By fielding candidates even while in jail, the party won a spectacular victory, securing 125 direct seats and 57 proportional seats, totaling 182 seats. After witnessing how Ravi was portrayed as a major criminal with both true and false allegations, the public voted for him out of sympathy, while old, corrupt, and entrenched leaders faced voters' resentment. Furthermore, after the tragic deaths of 19 young students and 57 police personnel during the Janajati Movement of 2082 BS, the public voted for the Rastriya Swatantra Party as an expression of sympathy and protest.

This trend is also observed internationally. In India, George Fernandes won the Lok Sabha election from Muzaffarpur in 1977 while in jail during the Voda Dynamite case. In the United Kingdom, Bobby Sands won a by-election in 1981 while imprisoned in Northern Ireland, though he later died in jail during a hunger strike. Similarly, Countess Markievicz won an election in 1918 while in jail but did not attend parliament.

In Pakistan, Asif Ali Zardari was imprisoned for a long time but became president after his release. Though not an election won from jail, it is a strong example of sympathy and political comeback.

The most inspiring example globally is Nelson Mandela. After spending 27 years in prison, he was released and elected president by the people. He once said, “Resentment in leadership is like drinking poison and expecting your enemies to die.” This illustrates that empathy, forgiveness, and a sense of justice form the foundation of long-term leadership. Ordinary citizens, however, raise their voices against injustice and express themselves through voting.

Mahatma Gandhi said, “You can shake the world even by gentle means.” Sometimes, even after seeming defeat, one can succeed, and the public must be aware of this. Martin Luther King said, “Where there is injustice, it exerts pressure for justice everywhere.” These ideas demonstrate that empathy and justice are fundamental values in human society.

However, sympathy-based voting is not always positive. Emotions can sometimes overshadow facts, and even the wrong individuals may gain sympathy. Therefore, while empathy is essential in democracy, it must be balanced with reason, evidence, and justice.

After the formation of Nepal's new government, former Prime Minister Khadga Prasad Oli was arrested. This has not generated sympathy votes for his party, Nepal Communist Party (Unified Marxist-Leninist). Meanwhile, the presence of Harkraj Rai, chairman of the Shram Sanskriti Party and a former independent mayor, has attracted attention in Parliament. By constructing hanging bridges and expanding local infrastructure in Darchula, he has gained public admiration. If he faces political persecution before upcoming elections, his party could achieve unprecedented results.

Sympathy-driven politics transcends caste, religion, gender, and class. Hence, the public impact of causing suffering to someone must be carefully considered. During the recent general elections, had Resham Chaudhary been imprisoned, Dr. C.K. Raut remained in jail, Harkraj Rai lacked a history of struggle, Ravi Lamichhane faced no imprisonment or false cases, or if the Janajati Movement had not involved the death of innocent children, the election outcomes would have been significantly different. This time, Chaudhary and Raut did not receive public sympathy, and their parties were absent in Parliament.

Sympathy can also be cruel and blind. The focus of the public is on the victim's right to liberation and justice, not necessarily on their competence to assume responsibility.

Ultimately, the beauty of democracy lies in citizens' ability to decide based on their experiences and emotions. Examples from Nepal and around the world show that when people perceive injustice, they respond through voting. Sympathy is not just an emotion; it is a transformative force capable of altering political currents. Viewed this way, compassion and sympathy are not merely emotional but also direct the course of politics, society, and the economy. When paired with reason, they can help build a strong and just society. While sympathy may not be the sole factor in voting, it is certainly one of many important reasons.

# राष्ट्रिय मूलनीति नहुँदा समस्यै समस्या -७

समस्या पुरानो हो, कचल्टिदै कचल्टिदै आज बिकराल बनेको छ।

यस्ता समस्याहरू समाधान गर्ने हेतुले हालसम्म भू-क्षेत्र व्यवस्थित गर्ने र व्यवस्थित पुनर्वास गर्ने आशयले केही कदमहरू चालिए। ती सबै राष्ट्रियस्तरमा मोटामोटीसम्म कार्यक्रम तयार नगरी अव्यवस्थित कार्यक्रमद्वारा व्यवस्थित गराइएको मात्र पाइन्छ।

२०२५ सालमा श्री ५ को सरकारको निर्णय अनुसार वन क्षेत्रभित्र अतिक्रमण गरी जबरजस्ती बसेका मानिसको आँकडा वन कर्मचारीले लिई अस्थायी पुर्जी दिइयो। राष्ट्रियता सम्बर्द्धन गर्ने हेतुले नेपाल भारत सीमा क्षेत्रहरूमा भूतपूर्व सैनिक र प्रवासीहरूलाई हचुवा किसिमले बस्न दिने व्यवस्था भयो।

बिरोधी राजनीतिकर्मीलाई मथ्थर गराउने उपाय स्वरुप राजनीति पीडितहरूलाई जीविकोपार्जन निमित्त वन क्षेत्र दिइएको थियो। योजनावद्ध बस्तीको नमुना प्रदर्शन गर्ने होडमा टिकापुर वन क्षेत्रमा विना मेसो बसोबास समिति गठन गरी जग्गा बाँड्ने काम भएको थियो। विरोधी राजनीतिक समस्या थामथुम पार्ने आसयलये पछिसम्म कसो गर्ने भन्ने नसोची झोरा क्षेत्रको जग्गासम्बन्धी ऐन २०२८ तयार गरी तोकिएको क्षेत्रमा व्यवस्थित गराउन कोसिस गयिो। अर्कोतिर समय समयमा सरकारका कार्यकारीका निर्णइहरूले स्थानीय रूपमा बसोबास गराउँदै आउने गरेको पनि पाइन्छ। भूमि विभाग र हाल आवादी समितिले पनि जग्गा आफ्नो तालले बाँड्दै गएको र त्यसपछि त्यसले राजनैतिक रूप लिँदै गएको पाइन्छ। राज्यमन्त्री सरह पद लिएर रा.पं. का सदस्यहरूसम्मलाई संलग्न गराइएको देखिन्छ। यसलाई आफ्नो राजनीति सपार्ने बाटो बनाइएको थियो।

त्यो गलत कामलाई बहुदलीय नेताले प्राथमिक्ताकासाथ अनुसरण गरे। पञ्चायतकालभर जग्गामाथि भएको कहिल्यै नटुँगिने नाङ्गो नाचलाई २०४६ सालपछि स्थापित नेकाँको निर्वाचित सरकारले हुवहु स्वीकाऱ्यो। मध्यावधि निर्वाचनपछि गठन भएको एमालेको अल्पमतको सरकारले पनि यो राष्ट्रघाती काम हो भन्ने जानी जानी कांग्रेसका जस्तै आयोग कायमै राख्यो।

सघन व्यवस्थित वस्ती विकासका पूर्वाधार :

सघन व्यवस्थित ग्रामीण वस्ती विकासका लागि केही पूर्वाधारहरूको अवश्यक्ता पर्द छ। देश निर्माणका सबै काम गर्ने जनता हुन्। काम गरेपछि फलको उपभोग गर्ने पनि उनै जनता हुन्। तर काम गर्नलाई नेतृत्व प्रदान गर्ने र आइपरेका सबै बाधा हटाई दिने काम सरकारको हो। सही नेतृत्व, सही मार्गदर्शन र सही निर्णय दिन सकिएन भने सारा जनताले दु:ख पाउन पनि सक्दछन्। यस स्थितिमा जीवन कोलाहलमय र नारकीय पनि हुन सक्दछ। अत: सरकारमा काम गर्ने व्यक्ति ज्यादै योग्य, इमान्दार र सक्षम, जाँगरिलो र देशको लागि माया गर्ने र सारै कर्मठ पनि हुनुपर्छ। राजनैतिक दवाव हुन पाउने स्थितिबाट कर्मचारी मुक्त हुनुपर्दछ।

घना तर अब्यबस्थित

बुद्धिजीवी-जगत्ले पनि देश अगाडि कसरी बढाउने भन्ने विषयमा चिन्ता लिनुपर्दछ। आफूले जानेका कुराहरू, पत्तो लगाएका उपायहरू, काम गर्ने एकाइसम्म पुऱ्याइदिनु पर्दछ। देश निर्माणका अभियानमा दिन सक्ने योगदान सबैले दिनुपर्दछ। तर कसैले पनि पूर्वाग्रह राखेर वा पक्ष लिएर (bias) अथवा अन्धाधुन्ध कुनै देश वा ठाउँ विशेषको नक्कल गरेर काम गर्न सुझाव दिइनु हुँदैन। अरु देशले कसरी गरे वा गरिरहेका छन् त्यो ज्ञान हामीमा हुनु जरुरी छ तर हाम्रो देशको बनोट आफ्नै प्रकारको भएको, समस्या आफ्नै खाले भएका, जनधारणा पनि आफ्नै पनका भएकाले काम गराई पनि आफ्नै खाले हुनु जरुरी छ। विदेशमा पढेर त्यसकै भरमा योजना कोर्नु मूर्खता सिवाय अरू केही हुदैंन। कतिपय हाम्रा योजना कार्यक्रमहरू र अभियानहरू त्यसै नै भएकाले असफल देखिएका छन्। विदेशी ज्ञान, सीप र कलालाई एकातिर सोचाइको परिधि बढाउन प्रयोग गर्नुपर्दछ भने अर्कातिर नेपाली साँचोमा ढालेर मात्र कार्यान्वयन गर्नुपर्दछ।

संसारका प्रत्येक देश आफ्नो देशको आर्थिक स्तर आफ्नै साधन र सीपले उचाली देशलाई विकासको पथतिर लम्काउन प्रयत्नशील भइरहेका हुन्छन्। नेपाल पनि यस क्रममा आफ्नो देशलाई अगाडि बढाउन सदा तत्पर भइरहेको छ। चाहेर मात्र हुँदैन काम पनि गर्नु पर्दछ। काम गर्ने ढंग पनि हुनुपर्छ। काम सोचेर, विचारेर नगरेमा विफल हुन सक्दछ वा अधुरो रहन सक्दछ। देशको विकासका निमित्त दैवी उपादेयता (प्राकृतिक देन) र भौगोलिक देनको सर्वोपरि महत्व रहेको हुन्छ। कुनै देशलाई पेट्रोल पदार्थले उचालेको छ भने कुनैलाई महासागरहरूले, कुनैलाई खनिज पदार्थहरूले उठाएको छ भने कुनैलाई उद्योगधन्दाका प्राकृतिक स्रोतले, कुनैलाई पर्यटन उद्योगले उचालेको छ भने कसैलाई संयम, धैर्य, मेहनत र अनुशासनले। त्यस्तै कतिपय देशहरूमा आम जनताले भोगेका विकराल समस्या नै सफल जन-प्रयत्न र उच्च राष्ट्रिय मार्गदर्शकै कारण तथा जनताकै अविरल प्रयत्नले देशलाई कायापलट गरेको पाइन्छ।

त्यस्तै कतिपय देशहरूमा आम जनताले भोगेका विकराल समस्या नै सबल जन-प्रयत्न र उच्च राष्ट्रिय मार्गदर्शनकै कारण तथा जनताकै अविरल प्रयत्नले देशलाई कायापल्ट गरेको पाइन्छ। यी कुरा हामी कहा पाइँदैनन्। तेश्रो मुलुकमा प्राय: यस्तै समस्या छन्।

देशको प्रगति अखण्डता त्यसबेलासम्मको हाम्रो भावी सन्ततिका लागि हितकारक हुनुपर्दछ जुन बेलासम्म यो पृथ्वीको अस्तित्व रहन्छ। पृथ्वीमा नेपाल रहन्छ र नेपालमा नेपाली रहन्छन्। स्थिर रुपमा अनन्त कालसम्म नेपाली बाँच्ने साधनलाई नियालेर हेऱ्यौं भने प्राथमिक रूपमा मूलत: निम्न कार्यक्षेत्र देखिन्छन्-

- कृषि र कृषिजन्य व्यवसायको विकास र सुदृढीकरण,
- वन र वनजन्य वस्तुको व्यवसायको विकास र सुदृढीकरण,
- पर्यटन व्यवसायको विकास सुदृढीकरण,
- जल विद्युत उत्पादन् र बिक्री वितरण,
- बाँकी सबै स्थाई/अस्थायी स्रोतहरू।

अत: देशको स्थिर र समष्टि विकास तल दिएको आधारमा मात्र गर्न सम्भव देखिन्छ :

- सुनियोजित व्यवस्थित बसोबास।
- व्यवस्थित र योजनाबद्ध कृषि विकास।
- भूउपयोगिताको आधारमा ब्लक फार्फिङ।
- गाउँतहदेखिको प्रशासनिक संगठन।
- खेर गएको श्रमबाट राष्ट्र निर्माण।

यिनै कुराको विस्तृत छलफल जरुरी छ।

मौलिक योजनाको खाँचो:

नेपालको आफ्नै अस्तित्व छ। यसको इतिहास, भूगोल झैं भौगर्भिक बनावट पनि आफ्नै प्रकारको छ। नेपाललाई प्रकृति देवीले आफ्नै प्रकारले सिँगारेकी छिन्। त्यसकारण यसको विकास निर्माणका लागि आफ्नै प्रकारका भौगोलिक स्तरहरूका मूल आधार र अरु देशका तालीम र सिद्धान्त नमूना र सहायक मात्र हुन सक्ने कुराहरू महसुस हुन परेको छ। अनि सम्पूर्ण क्षेत्रबाट डुब्न लागेको डुँगा र यात्रीलाई विनाशबाट बचाउनु परेको छ। योजना तर्जुमा र कार्यान्वयनमा पनि आफ्नै तर परिपक्व परिपाटीको व्यवस्था गर्नु परेको छ।

त्यसैले जसरी यस देशको भौगोलिक, सांस्कृतिक एवं ऐतिहासिक घटनाक्रमको आधारमा नयाँ एवं मौलिक नीतिको आवश्यक्ता छ त्यसै गरी यसको विकासकालागि आफ्नै प्रकारको प्रशासकीय एकाइको गठन, आफ्नै प्रकारका परियोजनाहरूको परिकल्पना र देशको अर्थतन्त्रमा भावी सन्ततिका लागि पनि एक दीगो व्यवस्था आवश्यक्ता छ। त्यो आवश्यक्ता नै व्यवस्थित बस्ती मोडेल हो जुन यसपछिको अध्यायमा प्रस्ताव



गरिएको छ। यसका लागि राष्ट्रिय मूल नीति जरुरी छ। राष्ट्रिय मूलनीतिमा कम्तिमा पनि राष्ट्रिय सहमति हुन जरुरी छ। ताकि कुनै पनि कार्यक्रम जो नीतिअनुसार लागू गरिनेछन्, त्यसमा मूलभूत विरोधको आवाज नउठोस्।

तर बहुदल, लोकतन्त्र, गणतन्त्रमा राष्ट्रिय मूलनीति कुन चराको नाम हो भन्ने नै प्रष्ट हुनसकेन। हरेक दल भ्रष्टाचार र स्वार्थको दलदलमा फस्न पुगे। भैंसी आहाल बस्ने पोखरी निर्मल छ भनेर मान्न सकिने अवस्था नै बनेन, यसैका प्रतिफल हो आजको समस्या।

अर्को हप्ता राष्ट्रिय मूल नीति

# अभिभावकत्वः राजसंस्था स्थापित गरौं



बहुदल आयो, कालरात्रि बन्यो। लोकतन्त्र आयो, गणतन्त्र स्थापित गरे, भ्रष्टाचार मौलायो। नीति, निष्ठा, सिद्धान्त अवसरवादी बन्यो। अलग अलग विचार बोकेकाहरू एकैथरि र एकैतरिकाका सावित हुनपुगे। देश लुटियो, जनता लुटिए। जनताको कुरा नसुनेकाले जेनजी विद्रोह भएको हो। यो विद्रोहमा जनताको साथ थियो, त्यसपछिको चुनावमा जनताले सहभागिता देखाए, बालेन सरकार बन्यो, रास्वपा ठूलो दलमा दरियो। अव यो दल र यो दलको सरकारले राजतन्त्रलाई अभिभावकको रूपमा स्थापित गर्नुपर्छ। देशभक्तहरूले यही मागलाई देशव्यापी गराइरहेका छन्।

माटोले मागेको, जनताले खोजेको, धर्मले रोजेको राजसंस्था स्थापित गरौं। यस्तै अभियान चलाइरहेका छन् राष्ट्रिय समाजसुधार संस्था र देशभक्तहरू।

हामी सबैको अभियान (२०८०) का संयोजक स्व. किशोरी महतोको समूह, राष्ट्रवादीहरूको साझा संगठन (२०७७) का अध्यक्ष प्रा.डा. उत्तमकृष्ण कर्माचार्यको समूह, माया पाण्डेको नेतृत्वमानेपाल अधिराज्यको संविधान २०४७ कार्यान्वयन जनदवाव समाज, वरिष्ठ अधिवक्ता जुक्तिजंग लामिछानेको समूह, वृहस्पति मन्दिरका गुरू प्राचार्य रामचन्द्र सुवेदी समूह निरन्तर सकृय रहेका छन्।

यो समूहले १०० वटा संघ संस्थालाई जोड्ने लक्ष्य सहित राष्ट्र र धर्म जोगाउनको लागि तन, मन, धन र जन समेतलाई जुटाउनु पर्ने भएको हुनाले "सचेतना सत्संग भण्डारा" पनि खोल्ने उदेश्य राखेको छ। राजा नफर्के हाम्रो धर्म, संस्कृति सबै नाश हुने यी समूहको विश्वास रहेको छ।

यो समूहले २०८३ वैशाख २१ गतेदेखि २५ गतेसम्म हरिवन, सर्लाहीमा तुल्सीराम मैनाली, सीता मैनालीसहित धर्ना दिएका थिए भने केदार प्रसाद मैनालीले ३ करोड जनताको भविष्य जोडिएको बताएका थिए। सरस्वती मैनालीसहितको यो समूहले राजसंस्था स्थापनाको माग गरे।

रामदास बाबा, कांग्रेसी विजय यादव, शंकर मघैयाले "राष्ट्रियताको जगेर्नाको लागि राजसंस्थाका पुनर्स्थापना अपरिहार्य रहेको बताएका थिए। धर्ना कार्यक्रममा कमल भण्डारी, निरञ्जन मैनाली, किशोर शरण मैनाली, कृष्ण प्रसाई, शिव बुढाथोकी, बरूण कुमारले समेत राजसंस्थाको पुनर्स्थापनाको माग गरे।

यी राष्ट्रवादी समूह र अभियन्ताहरूले देशव्यापी संचेतना छर्दै लागिरहनुको एकमात्र उद्देश्य २०६३ वैशाख ११ गते तात्कालीन राजा ज्ञानेन्द्र र ७ दल विच भएको ५ बुँदे सम्झौता लागु होस्, देशमा शान्ति, अमनचयन साथै राजनीतिक स्थिरताको लागि राज्यको ध्यानाकर्षण गर्नका लागि शान्तिपूर्ण सत्याग्रह गरेका थियौं। आजसम्म हाम्रा संवैधानिक प्रजातान्त्रिक मागहरूलाई सम्बोधन नगरेकोले जनदवाव श्रृजना गर्नको लागि कार्यक्रम गरिरहेका बताएका छन्।

# सरकारको व्यवहारिक पक्ष



**सुरेशकुमार पाण्डे**

आश्वासन दिन र त्यही कुरालाई ब्यवहारमा उतार्नु कठिन काम हो। गरिब असायहरूलाई पुराना सरकारहरूले भोट बैंकका लागि खेलौना बनाएकै थिए अहिले पनि उनिहरूलाई नै अचानो बनाइयो। नयाँ सरकारले भत्काउनेमात्र गरेको छ। व्यवस्थापन देखिन्न।

भत्काउन पनि आफ्नो र अर्काको पार्टीको भनेर विभेद गरिएको छ। कसैलाई काखा कसैलाई पाखा गर्ने परमपरा नयाँ होइन जुन जोगि आयो कान चिरेको भन्ने उखान फेरि पुष्टि भयो।

उपरोक्त विचार भन्नुको तातपर्य यो कदापी होइन की कसैको घर टहरा भत्काउनै पर्छ भन्ने। बरू कसैको पनि घर भत्काउन हुँदैन खास गरेर कुनैपनि सुकुमबासी गरिब श्रमजीविहरूको त्यो घर उनिहरूको एउटा सपना र भविष्य हो। सबैलाई बस्ने बास खाने गाँस र लुगाफाटोको आवश्यक पर्छनै। उनिहरू सुकुम्बासीहरूलाई लालपुर्जा दिने भन्दै उनिहरूको भबिश्य सँग खेलवाड गर्दै आएकाहरू आज उनिहरूको सपना चक्नाचुर हुँदा केही आत्महत्या समेतका घटनाहरू घटेकाछन्। बिगतका सरकारहरूले ऐयासी गर्दा देश ऋणी भयो, यो सरकारले तोडफोड गर्न ऋण लियो।

देश अँझ गम्भिर अवस्थामा पुराएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले आफ्ना आसेपासेलाई अहिलेसम्म कतै छोएको देखिएन। बालेनले प्रधानमन्त्री पदको चैत्र १३ गते २०८२ मा लिएको सफथग्रह्रण देखि अहिले दुइ महिना पुगेको छैन तर उन्ले धेरै टहरा र गगन चुम्बी महल, स्कुल र मन्दिर समेत भत्काएकाछन्। डोजर लगाएर भत्काउनु सजिलो ठान्यो, उनिहरूलाई पूर्नवासको व्यवस्था गर्नु त्यती सजिलो छैन। प्रत्येक जिल्लामा पनि अतिक्रमिक भूभाग प्रसस्तै छ। सुकुम्बासी र गोठीका मोहीहरू पनि छन्। उनिहरूले भोग चलन गर्दै आएका हजारौं बिघा जमिन सरकारीकरण गरेर उनिहरूलाई भूमिको दरबन्दीद्वौरा भूमि उपलब्ध गराउनुपनि सरकारको कर्तव्य हो। यद्यपि त्यो सबैको लागि बरोबरी हुनुपर्छ भन्ने आम धारणा छ।

जब स्वतन्त्र पार्टीका सांसदहरूको ऐलानीमा बनेका घरहरूको बारेमा जनताले कुरा उठाए त्यसपछि सरकारले जनताको ध्यानलाई अनेन्त्र मोड्न लिपुलेख पुरायो। अब जनतादेखि राजनैतिक कर्मिहरूको ध्यान चीन र भारत द्वारा नेपालको भूभाग प्रयोग गरेर बनाएको बाटोतर्फ गएको छ। यद्यपि त्यो सबैभन्दा पहिले उठाउनुपर्ने मुद्दा थियो। किन की यो समस्या १९६५ देखिको हो। यसबारेमा न पुराना न नयाँ बोलेको छ।

अब कालापानीको मुद्दा उठिसकेपछि अन्य मुद्दाहरू आफै गौण देखिने छन् त्यो नेपाली जनताको लागि स्वभाविक कुरा बनेको हुन्छ। त्यो राष्ट्रियताको सवाल बनेको हुन्छ। अदालतले रोक लगायो, बालेनको डोजर रोकियो र उनिहरू कालापानी लिपुलेख र लिम्पियाधुरामा उल्झिने पुगे। हामीले बिगतमा एमाले नेतित्वको सरकारले जारी गरेको चुच्चे नक्सा आजपनि भित्तामा टांसेका छौं तर भूभाग भने उतै छ। अब भारतीय वरिष्ठ पत्रकारहरू समेतले कालापानी सुगौलीसन्धि अनुसार नेपालको हो यदि सुगौलीसन्धि नमान्ने होभने भारतले टिस्टासम्मको भूभाग छाड्नुपर्छ भन्दै आएकाछन्। त्यसैलेपनि अहिले मोदीले बालेनलाई निमन्त्रणा गरेका छन्। आउने दिनहरूमा त्यसबारे पनि प्रष्ट हुनेछ।

बिगतमा देखेका थियौं एकपल्ट प्रचण्डको सरकारले पनि भ्रष्टाचार नियन्त्रण गर्ने अभियान चलाएको थियो। नारायनकाजी गृहमन्त्री हुँदा एक पटक सबैलाई लागेको थियो अब सबै भ्रष्टाचारी जेल जानेछन्। अपराधीको धरपकड हुनेछ। पुराना फाइलहरू धमाधम खोल्दै थिए केही जेलपनि गए। तर जब आफ्ना पार्टीका नेता तानिनथाले त्यो अभियान अघोषित रूपमा बन्द भयो। त्यो बेला उनिहरूले आफ्ना बिरोधीहरूलाई जेलमा हाले तर आफ्नाहरु जोगिए।

बालेनले पालिकाको मेहर छँदा ढाल्न नसकेका सुकुमवासी घरहरू ढालेरैछाडे। कतिपयसँग लालपूर्जा पनि देखियो। षड्यन्त्र गरेर जग्गा हड्पेका थिए की त्यो किनेको हो ? यदि त्यो षड्यन्त्र गरेर लिएको हो भने त्यसबेलाका सरकारी निकायंसमेतलाई कठघेरामा ल्याउनुपर्छ।

अन्यथा अहिले तोडेका घर आर्को पटक पनि बन्नेछन्। अहिले दुई महिना नपुग्दै बालेन सरकारको बिरूद्धमा आवाज उठेको छ, सडकमा नाराबाजी र बिरोध प्रदर्शन हुदैछ। सरकारले अन्य ब्यक्ति जस्का लालपुर्जा थिए उनिहरूका घर ढालेका छन्, आम सुकुम्बासीका टहराहरू भत्काएका छन् तर आफ्ना सांसदहरूका सरकारी जमिनमा बनाएका घरहरू ढालेनन्।

उनिहरू मध्य कतिपयले त भन्छन् हामी ऐलानीमा बसेका भएपनि अपराधी होइनौं- यो कस्तो अभिब्यक्ती हो ? के ती सयौं टहराहरू भित्र बसेका सबै अपराधी थिए ? जसका टहरा भत्काइयो। यस्ता अभिव्यक्ती सरकार पक्षले दिन सुहाउँदैन बरू उनिहरूले पहिले आफूबाट सुरू गर्नुपर्दथ्यो। व्यवस्थापनको व्यवस्था पहिले नै मिलाउनु पर्थ्यो। को को सही र गलत पहिले नै छुट्याउनुपर्थ्यो।

अहिले उनिहरूका सांसदहरू (१) सुरेशकुमार चौधरी बाँके क्षेत्र न १, (२) केपी खनाल संसद कैलाली, (३) भरत पराजुली सिन्धुपाल्चौक, (४) सागर ढकाल बुट्वल, (५) जगतप्रसाद जोशी कैलाली, (६) प्रशान्त उप्रेती मकवानपुर, (७) शम्भुप्रसाद ढकाल, झापा ४, (८) खडकराज पोडेल, पोखरा लगायतका कयौं यही सरकारभित्रका ब्यक्ति छन्। जसले आफै सरकारी जमिन मिचेर बसेकाछन्। उनिहरूद्वौरा अतिक्रमण भएको भूभाग मुक्त कसले गर्ने ? सरकारले त्यस्तालाई जोगाउने प्रयास गर्नू भएन। कतिले त बिक्री गरिसकेका कुरा आएकाछन् के त्यो भ्रष्टाचार होइन ? सरकारको भाषामा त्यसलाई के भन्ने ? कसैसँग पक्षपात भेदभाव नहौस्।

अब रह्यो कालापानीको बारेमा ओली सरकारको पालामा संसदको एक दुईजना बाहेक सबै सदस्यले सही छाप गरेर चुच्चे नक्सा पारित गरे। एउटी महिंलाले नमान्दा उनि कार्वाहीमा परेकी थिइन तर त्यो संसदबाट पासमात्र भयो। अहिले पनि जमिन माथि छिमेकीको कब्जा नै छ। यदि बालेन सरकारले कालापानी लिपुलेख र लिम्पियाधुरा लगायतका कतिपय सिमानामा भएको अतिक्रमणलाई मुक्त गर्छन् भने देशका जनताले अवश्यपनि साथ दिनेछन्।

हाम्रो देश भूपरेवेष्ठित देश पनि हो त्यसले गर्दापनि मात्र चीन र भारत सङ्गको समभ्दारीमा भन्दा पनि स्थायित्वका लागि अन्तरराष्ट्रिय रूपमा मुद्दा समाधान हुनुपर्छ। हामी सधैं चीन वा भारत सङ्ग सन्तुलन बनाएर अगाडी बढ्नुपर्छ। कुनैपनि देश सानो ठूलो हुनसक्छ तर स्वाभिमान जुनसुकै देशको पनि फरक हुँदैन भन्ने बालेनको विचार पनि अत्यन्तै सान्दर्भिक छ।

प्रधानमन्त्रीले जुनसुकै उदेश्यले उठाएको आवाज भएपनि यो राष्ट्रियताको सवालमा तीन करोड नेपालीको साथ हुनेछ। पहिलेका सरकारहरूले पनि आवाज न उठाएका होइनन् तर उनीहरूको गला कलोले टालियो की कुनै धम्कीले टालिएको थियो। छिमेकीले कुनै न कुनै लोभमा फसाएर उनिहरूलाई चुप गरायोको प्रष्ट छ। अहिले त्यसको पुनरावृती नहोस् यही कामना गरौं। हुन त बालेनले कालापानी फिर्ता नहुँदासम्म म भारतको भ्रमण गर्दैन भनेका छन्। यो सकारात्मक छ।

रास्वपाले नीति स्पष्ट पार्नुपर्छ। समदूरीमा चल्नुपर्छ। देशमा लोतान्त्रिक जग नभत्कियोस्, सुशासन आओस्, भ्रष्टमाथि कारवाही होस्। जनअपेक्षा पूरा होस्। रोजगारी कसरी बढ्छ, यसतिर सरकारको ध्यान जानैर्प। समस्या बढाउने होइन, समाधान गर्नुपर्छ। अहिलेसम्म बालेनले गरेका काम चीन र भारतको सल्लानुसार बन्न थालेको बाटोको बिरूद्धमा अर्थात आफ्नो भूमि अतिक्रमण गरेको बारेमा अहिले आएको अभिव्यक्ती भने सकारात्मक छ। बाँकी कुनैपनि काम उन्को दम्भको परिणाम जस्तो देखिन्छ। तोडफोड जे गरेपनि जनता र राष्ट्रको हितलाई सर्वोपरी राखेर गर्नुपर्दछ। जनताको अधिकार राष्ट्रियताको रक्षा राजनैतिक पार्टीले सधैं व्यक्तिगत स्वार्थभन्दा माथि राख्नसक्नुपर्छ। गृहयुद्धका संकेत साम्य हुन्, संवाद, सहमति र सहकार्यबाट लोकतन्त्र अघि बढोस्।





**अन्तिम पातो – शाश्वत शर्मा**

## भिड्ने भिडाउने षडयन्त्र हुँदैछ

रास्वपाविरूद्ध मिडिया ट्रायल सुरू भएको छ । खासगरी राजा ज्ञानेन्द्र र परिवारको सम्पत्ति छानबिन गर्न बालेन्द्र साह नेतृत्वको सरकारले आदेश दिएको छ भन्दै । त्यसो त, यस अघि पनि राजाको नाममा मिडिया ट्रायल नगरिएको होइन । सामाजिक सञ्जालहरूमा राजा कि राष्टप्पति ? भन्दै राजा र राष्ट्रपतिको तस्वीर राखेर सुरू गरिएको थियो । जुन अद्यापित जारी छ । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि पुराना दलहरू रसातलमा पुगेको र आश्चर्यजनक रूपमा उदाएको रास्वपाको सरकारले राजा ज्ञोनन्द्रले गर्न चाहेर पनि नसकेका कामहरूलाई निरन्तरता दिएपछि नागरिक भएर बस्नुभएका राजा ज्ञानेन्द्रलाई यसरी विवादमा तान्ने कोशि भएको देखिन्छ । त्यसो त सरकारले कालो धन थुपार्नेहरूको जानकारी दिन र सूचना दिनेको नाम गोप्य राख्ने प्रतवद्धता सहित सार्वजनिक सूचना आह्वान गरिसकेको छ । तर फस्ने डरले पुराना राज्यसत्ताको झोलेहरूले आफ्नो र आफ्ना नेताहरूलाई केही हदसम्म जोगाउन र नेपालको नयाँ सरकार र शान्तिपूर्वक बसिरहनु भएका राजा ज्ञानेन्द्रका वीचमा दरार ल्याउन यस किसिमको हर्कतको सुरूआत गरेको अनुमान कतिपयको छ । अब जहाँसम्म राजा वहाँको परिवारको सम्पत्ति छानबिनको कुरा छ, त्यो एकदमै खुला किताव सरह छ । पुर्ख्यौली सम्पत्ति, बिरासतमा आएको धन र व्यापार उद्योगहरूबाट आर्जित रकम, जसको कर कम्पनीहरूले बिना कुनै मोलाहिजा सरकारलाई तिरीरहेका छन् । राजासँग न त भ्रष्टाचारको पैसा छ, न त राष्ट्रघात गरे वापत कालोधन । त्यसकारण सरकारले छानबिन गर्ने भए पनि लुकाउनु र डराउनुको कुनै कारण देखिदैन तर नेपाली नागरिकलाई विदेशी बनाएर बेचेको, सरकारी जमिन कब्जा गरेर बेचेको, हरेक संघसंस्थाहरूमा बदमासी गरेर लुटेको रकम व्यवस्थापन गर्न नसकेर निल्नु न ओकल्नुको दोसाँधमा पुगेका ०४६ पछिका नेताहरू राजाको नाम पनि यस्तो छानबिनमा जोडेर आफूहरू बच्न सक्छौं कि ? भनेर कसरत गर्दैछन् । मानिलिउँ, राजा र राजपरिवारको सम्पत्ति पनि छानबिनको दायरामा आयो रे । त, के फरक पर्छ ? स्रोत नखुल्ने के छ त ? संवैधानिक राजा रहुन्जेल सरकारले बजेटमा नै पारेर निकासा गरिदिएको रकम, पुर्खाबाट प्राप्त धन, अन्न कर तिरेर बसेको राजाको नाम जोडिएको केही उद्योगधन्दा र व्यापारिक प्रतिष्ठानहरू बाहेक, अरू के छ ? त्यसकारण अहिले पनि राजा र राजसंस्था वादीहरूलाई यस्ता मिडिया ट्रायल मार्फत डराउने, तर्साउने कोशिश नगर्दा हुन्छ । अब नेताजीहरूको कुरा गर्दा त कहाली लागेर आउँछ । स्वयं अहिलेका अर्थाकन्त्री स्वर्णिम वाग्लेले बिगतका भ्रष्टाचारको पुरानो काण्डहरू केलाउँदा आफ्नो जिउँ नै सिरिङ्ग भएको बताएका छन् । भ्रष्ट नेताजी र कर्मचारीहरूको नाम र कालो धनका बारेमा सूचना दिने सुराकीहरूको नाम गोप्य राखिने भनेर सरकारले सूचना आह्वान गरेपछि तर्सेका पुराना लोभीपापीहरू यस्तो छानबिनमा राजा र राजपरिवारलाई समेत जोडिदिएर छानबिनलाई बिबादास्पद र मुठभेडको स्थितिसम्म पुऱ्याउन चाहन्छन् । त, यस्तो प्रपोगण्डाबाट कुनै पनि राजसंस्थावादीहरू उत्तेजित नहोउ । छानिबिनकै गरे पनि केही फरक पर्नेवाला चैं छैन ।

भनिदैछ, ०४६ सालपछि सत्ताको रसास्वादन गर्नेहरू कानुनी कार्वाहीमा पर्नेछन् । कांग्रेसका पूर्वसभापति दम्पत्ति त देश छाडेर हङकङ, सिंगापुरतिर भागिसकेका छन् । अहिले दिनहुँजसो नयाँ नयाँ काण्डहरू बाहिरी रहेको अवस्थामा पुराना पार्टीका नेताजीहरूको नाम पनि तिनै काण्डहरूमा जोडिएर आइरहेकै छ । तल्लोतहको कार्यकर्तादेखि लिएर माथिल्लो तहका नेताहरू कुनै न कुनै काण्डमा जोडिएकै देखिएको छ । त यस्तो अवस्थामा वर्तमान बालेन्द्र सरकार र राजसंस्थावादीहरू वीच बैमनुस्यता सिर्जना गर्न पुराना पार्टीहरू जिउज्यान छाडेर लागेको प्रष्ट हुन्छ । राजाको छानबिन किन नहुने ? भन्ने प्रश्न सर्वसाधारणमाझ फ्याँकेर बालेन्द्र नेतृत्वको सरकारलाई राजावादीहरूसँग भिडाउन उद्दत देखिएका छन् ।

हुन त २ महिना भएको छैन, सरकार गठन भएको । आजको दिनसम्म सही काम गरेको देखिन्छ । सामाजिक, आर्थिक, राजनीतिक र कूटनीतिक बिकृतिहरूलाई निर्मलीकरण गर्न सरकारले चालिरहेका कदम स्वागतयोग्य नै छन् । अब मूल्यबृद्धि नियन्त्रण र रोजगारी सिर्जनातिर लाग्नुपर्ने देखिन्छ । सयसूत्रमा काम गरिरहेको सरकारलाई सय दिन कुर्न सकेनन् । प्रतिपक्षीको त कामै आलोचना गर्ने, असफल पार्ने हो, उनीहरू आफ्नो त्यो राजनीतिक उद्यममा लागेकै छन् । राष्ट्रपति बोलेका बेलामा उठेर हिंडे, संसदमा जवाफ दिन आएनन्, प्रधानमन्त्रीविहीन सरकार हो कि ? भन्ने अनेक आलोचना प्रतिपक्षीले गरिरहेकै छन् । सरकार छ, सरकारले जवाफ दिएको छ, संसदमा सरकार छ । यस्ता आलोचनाबाट रास्वपा प्रभावित हुनुहुन्न ।



## हाम्रो मुलुकमा अव्यवस्था र दुरावस्थाका एकदुई कुरा

*नारायणप्रसाद मिश्र*
narayanshanti70@gmail.com

मुलुकमा जुनसुकै राजनैतिक, प्रशासनिक आर्थिक वा कानूनी ब्यवस्था गरेपनि त्यो जनता र राष्ट्रको हितमा हुनुपर्छ । मुलुकमा नयाँ संविधान ऐन, कानून तर्जुमा गरेपनि वा भएकोमा संशोधन गरेपनि जनता र राष्ट्रको हितको लागिनै हनुपर्छ । अड्डा अदालतको फैसला पनि राष्ट्र र जनताको हितमानै हुनुपर्दछ । संविधान वा ऐन, कानूनको अर्थ बुझी बा नबुझी कुनै पनि फैसला जनता र राष्ट्रहित विपरित हुन्छ भने त्यो फैसलालाई न्यायको फैसला वा सही फैसला भन्न सकिन्दैन । राष्ट्रिय स्तरमा गरिने मुलुकको जुनसुकै कामको केन्द्रबिन्दु राष्ट्र र जनतानै हुनुपर्दछ भन्नुमा बिवाद हुनपर्दैन ।

गत तीन दशक अघिदेखि देशमा बहुदलीय शासन ब्यवस्था छ । जनतामा निर्वाचित जनप्रतिनिधिहरूले जनता र मुलुकको लागि कसैको रोकटोक विना जनता र मुलुकको लागि स्वतन्त्ररूपले काम गर्न सक्ने व्यवस्था छ । जनता र मुलुकको हित बिपरित मुलुकमा विद्यमान कुनै पनि शासकीय स्वरूप वा प्रशासकीय स्वरूप सजिलै अदलबदल गर्न सकने व्यवस्था छ । जनता र मुलुकको हितको लागि आबश्यक कुनै पनि ऐनकानून तर्जुमा र संशोधन गर्न सकने व्यबस्था छ । यस सन्दर्भमा मुलुकमा चलेको ब्यवस्थामा हुन गएको कमी कमजोरी वा संविधान, ऐन कानूनमा हुन गएको कमी कमजोरीले गर्दा जनतालाई न्याय दिन सकिएन वा मुलुकको बिकास गर्न सकिएन भनी कुनै पनि जिम्मेवार पदाधिकारी, ब्यक्तिले भन्छन् भने त्यो सोह्रै आना झूट्टा भन्नु पर्दछ । कारण जनतालाई न्याय दिन बाधा पर्ने नियम कानून वा मुलुकको बिकास गर्न बाधा पर्ने ब्यवस्था वा नियम कानून संशोधन् गर्ने जिम्मेवारी पनि तिनीहरूमै रहने हुँदा यसको दोष अन्त फर्काउन मिल्दैन ।

**सहकारी पीडित समस्या र अन्यायको समस्या**

यी सबै बिवाद रहित कुरा भएपनि तीन दशक यता धेरै कुरा जनता र मुलुकको हितमा हुन गएन । यसका दृष्टान्तहरू धेरै छन् । यसमध्य मुख्यत: सहकारी पीडित समस्यानै भन्नु पर्दछ । सहकारी ठगी सम्बन्धमा जे जस्बाट जस्तोसुकै त्रूटि भूल हुन गएको भएपनि सो सच्याई पीडित जनतालाई न्यायदिने काम सरकारको हो भन्नु अत्युक्त हुँदैन । यसको लागि पिडकलाई दण्ड दिई पीडितलाई बिना बिलम्ब न्याय दिन सक्नुपर्छ । सहकारी मुद्दामा पीडक को हुन् र पीडित को हुन् भन्ने कुरा स्पष्ट छ : यसको रेकर्ड संस्थामा छ, हुन्छ- रकम फिर्ता नपाउने पीडित र लिएको रकम नदिने ठग सञ्चालकहरू पिडक हुन भन्ने स्पष्ट हुने भएकोले यो पहिचान गर्न समय लगाउन पर्ने कुरा होइन । यो अदालतमा मुद्दा मामिलामा अल्झाउन पर्ने कुरा पनि होइन । सरकारको निकायले पीडकहरूको नाममा रहेको, लुकाएको, छिपाएको, हकदार, नातेदार वा साथीभाइ, इष्टमित्रहरूको नाममा नामसारी गरिलिएको सम्पति खोजीनिति गरी लिलाम बिक्री गर्ने काम बिना विलम्ब गराउन सके, पीडितलाई सजिलै न्याय दिन सकिन्छ । यी सबै कुराको राम्रो अध्ययन, अनुसन्धान गरी वर्तमान सरकारले सहकारी सम्बन्धी अध्यादेश समेत जारी गरेको कुरा अति प्रशांसनीय छ । तर यसको लागि अमेरिकामा राष्ट्रपति टम्पले DOGE (Department of Government Efficiency) नामको अधिकार सम्पन्न कार्यालय खोली छिटो तरिकाले काम सम्पन्न गराए जस्तै गराउन सके मात्र पीडितले यो जिन्दगीमा आफनो रकम र ब्याज फिर्ता पाउन सक्छन् । न्याय पाउन सक्छन् । अन्यथा नेपालको न्याय प्रणालीको माकुराको जाल र कछुवाको चालको विधिवाट पीडितको अर्को तीन पुस्ता सम्ममा पनि न्याय पाउने अवस्था देखिन्दैन ।

यो कुरा सिमिल बचत तथा ऋण सहकारी संस्थाका ठग सञ्चालक इच्छाराज तामाङ र पीडितहरू विचको मुद्दाको अदालतको एक फैसलाले स्पष्ट गर्छ । पीडितहरूले उनी बिरूद्ध दिएको मुद्दाको सिलसिलामा उच्च अदालत पाटनले दुई महिना भित्र रकम भुक्तानीको कार्यक्रम बनाई नौ महिना भित्र डिपोजिटर अर्थात रकम जम्मा गर्नेहरूको रकम भुक्तानी गर्नु भनी केही वर्ष अगाडिनै उनलाई आदेश फैसला दिए । उनले यो फैसलामा कुनै ध्यान दिएनन् । पीडितहरूले कानून वमोजिम फैसला वमोजिम रकम दिलाई पाउन पुन: जिल्ला अदालत, काठमाडौमा निवेदन मुद्दा दिए । न्यायालयको पूर्व फैसला बमोजिम किन रकम भुक्तानी नगरेको, विना बिलम्ब रकम भुक्तानी गर्नु भन्ने कडा फैसला जिल्ला अदालतबाट आउने आशा पीडित पक्षमा थियो । तर शकुन्तला कार्की नामको एक माननीय न्यायाधीशवाट सो बमोजिमको आदेश फैसला नभई यो सम्बन्धी अरू लगाउ मुद्दा के के छन् सवै सँगै पेश गर्नु भन्ने फैसला आयो । रकम तिर्न नपर्ने भन्दै इच्छाराजले थरी थरीका कृत्रिम लगाउ मुद्दाहरू थप्दै लगाउँदै गए । यी कृत्रिम मुद्दाहरू हेर्दैमा अदालतमा पीडितहरूको पक्षमा भएको उच्च अदालतको फैसला पनि विना अर्थमा अल्झिएको पनि ३/४ वर्ष भइसक्यो । यसरी उच्च अदालतको फैसला पनि तल्लो अदालतको फैसलावाट कार्यान्वयनमा आउन सकेन । यस किसिमको अदालती प्रक्रियावाट पीडितले न्याय पाउन नसक्ने कुरा स्पष्ट छ । यसैले वर्तमान सरकारले न्याय दिने हो भने राष्ट्रप्रति ट्रम्पको DOGE जस्तै कार्यालय सृजना गरी न्याय दिने कुरामा साना बचतकर्ता र ठूला बचतकर्ता भन्ने बिभेद नगरी विना बिलम्ब भोलि नभनी सहकारी पीडितलाई न्याय दिनुपर्ने देखिन्छ । अन्यथा आकाशको फल आँखा तरी मर भन्ने जस्तै सहकारी पीडित न्यायको फल आँखा तरी मर भन्ने जस्तै हुन जाने कुरा इच्छाराजसितको मुद्दा र अदालतको फैसलाले स्पष्ट गर्छ ।

**बिदेश पलायन समस्या र नागरिकता समस्या**

मुलुकको भताभुङ्ग स्थिति, अब्यवस्था, दुराबस्थाले हाम्रो देशमा रोजगारी मिल्न नसकेको कारण मुलुकको झण्डै झण्डै एक तिहाइ जस्तो जनसंख्या रोजगारीकै सिलसिलामा अशिक्षित, शिक्षित सबैखालका जनता आफनो पाखुरा, सीप, शिक्षा, ज्ञान अरूकै लागि प्रयोग गर्न बिदेश पलायन भएको दुखद् स्थिति सर्बविदित छ । यिनीहरूकै कमाइबाट पठाइएको रकमको कारण पनि देश ऐनकेन चल्न सकेको र परिवार चल्न सकेको भन्ने पनि यो मुलुकमा चर्चा हुनेगरेको पनि सबैलाई थाहा छ । धेरै वर्ष विदेश रहन पर्दा त्यहाँको नागरिकता लिइ बस्दा जीवन बढी सहज हुने कारण यसमध्य कतिपयले कारणवस नचाही नचाही, मन नपरी, मन नपरी पनि आफ्नो देशको नागरिकता लिई बिदेशमा बस्ने पनि छन् । बिदेशमा बसी अरू देशको नागरिकता लिएपनि नेपालीको माया नेपालकै लागि हुन्छ भन्ने सत्य र बास्तविकताको आधारमा सवै दलहरूको सहमतीमा मुलुकमा हाल रहेको संविधानमा बिदेशी मुलुकको नागरिकता प्राप्त गरेको नेपाली ब्यक्तिलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नागरिकता प्रदान गर्ने कुरा उल्लेख भएको र २०८० असोज ३० गतेदेखि नेपाल सरकारले गैर आवासीय नेपाली नगरिकता प्रदान गरिआएको छ । तर यो नागरिकता कही नभएको जात्रा हाडीगाउँमा भन्ने नेपाली उखान जस्तो भएको र यो नागरिकताको आधारमा आफनो बैङ्क खातामा रहेको मुद्दती समेत रिन्यू गर्न सक्ने स्थितिमा नरहेको कुरा सुन्नमा आएको छ ।

यसबाट हाल सरकारले दिएको गैरआबासीय नेपाली नागरिकता साबिक रहेको बैङ्क खातासम्म नवीकरण गर्नको निमित पनि काम नलाग्ने र गैर आवासीय नेपाली परिचय पत्र जतिको पनि महत्व नभएको स्पष्ट छ ।

नागरिकता जस्तो महत्वपूर्ण कागत यसरी विना अर्थको हुनपर्ने कुनै कारण जरूर पनि देखिन्दैन । यसैले कार्यान्वयनमा यस्तो अवस्था किन हुनगयो ? बुझिन्दैन । यो समस्या समाधानको लागि के गर्नु पर्ने गर्नको निमित वर्तमान सरकारको अबिलम्ब ध्यान जान पर्ने देखिन्छ ।

**जनता, ब्यवस्था र बिधिको लागि हुन गएको समस्या**

कुनै व्यवस्था वा बिधि जनताको सहुलियत सुविधाको लागि हुनपर्ने हो । हाम्रो मुलुकमा व्यवस्था जनताको लागि नभई जनता ब्यवस्थाको लागि बनाइएको जस्तो धेरै कुरामा देखिन्छ । दृष्टान्तको रूपमा वडा कार्यालयवाट दिइने र मोटो रकम दस्तुरको रूपमा लिइने थरीथरीका सिफारिस छन् । नापी नक्सावाट स्पष्ट देखिने घरवाटोको सिफारिसको लागि वडा कार्यालय जानपर्ने कुरा वा छोरा छोरी आमा वावु आदि नाता प्रमाणित कागजात पनि ६ महिना भन्दा बढी मान्य नहुने कुरा आदि वड़ा कार्यालयको काम र आम्दानी बढाउन मात्र राखेको हो कि ? भन्ने भान हुन्छ । साथै एक पटक कुनै कामको सिलसिलामा लिइसकेको घरबाटोको सिफारिस अर्को काम पछि परेपनि फेरि फेरि सोही सिफारिस दस्तुर तिरी लिन पर्ने कुरा जरूर पनि जनहितमा छैन । भक्तपुर नगरपालिकाले त सम्पति कर तिर्न पनि घरजग्गा मालिक आफै उपस्थित हुनपर्ने ब्यवस्था गरेको छ । आफ्नै भाइ मार्फत कर तिर्न नसकी यसको लागि म आफै जान परेको कटू अनुभव मसित छ । कुनै वेला नगर पञ्चायत र जिल्ला पञ्चायतले आफनो आम्दानी बढाउन साइकल र रेडियोको पनि लाइसेन्स दिने र दस्तुर लिने ब्यवस्था गरे जस्तै हाल प्रदेश सरकार र वडा सरकार टिकाउन मात्रको लागि गरिएको व्यवस्था र दस्तुरमा पनि यो सरकारले अध्ययन गरी पुनर्विचार गर्न जरूरी छ । जुनसुकै ब्यवस्था गरेपनि सो कुरा जनताको सुविधाको लागि होस् तर जनतालाई असुविधा र भारको लागि नहोस् भन्ने जन चाहना छ ।

narayanshanti70@gmail.com

***लेखक परिचय:***

***नेपाली र अङ्ग्रेजी भाषाका केही पुस्तक तथा असंख्य लेखहरूका एक गैर-दलीय लेखक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका पूर्व प्रमुख, तथा मध्य-असी दशक पार गरेका एक ज्येष्ठ नागरिक ।***

**धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं**

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वास प्रश्वास सम्बन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

यसैले,

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर-किशोरीहरुलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपान नगर्ने वातावरण सिजना गरौं,
- आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धूम्रपान त्याग्ने संकल्प गरौं,
- धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं ।

स्वस्थ जीवन, उन्नत भविष्यको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

